चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं ।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ॥
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 30 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६७

## शेयर बजार निरन्तर ओरालोतर्फ, राष्ट्र बैंकको नीतिकै कारण खबौं गुमाउनुपरेको लगानीकर्ताको आरोप

प्रस, परवानीपुर, १२ कात्तिक/

शेयर बजार कारोबार निरन्तर ओरालो लागिरहेको छ। दुई वर्षअघिको असार मसान्तपछि निरन्तर शेयर बजार खस्किरहेको लगानीकर्ताहरूले बताएका छन्। दुई वर्षअघि ३२६० अङ्कमा पुगेको शेयर बजार अहिले १८७५ अङ्कमा ओरालो लागेको छ। अर्थात् दुई वर्षको अवधिमा करीब १५ खर्ब पूँजी क्षयीकरण भएको छ। अर्थात् लगानीकर्ताले दुई वर्षको अवधिमा त्यति रकम गुमाउनुपरेको छ।




नेपालमा कुल ५९ लाख ७६ हजार ६८१ जना शेयर लगानीकर्ता रहेका र इजाजतप्राप्त ७६ वटा ब्रोकर कम्पनीले सेवा दिइरहेका नेप्सेले जनाएको छ। दुई वर्षअघि शेयर बजारको पूँजी ४४ खर्ब रहेकामा त्यसपछि १५ खर्ब क्षय भएर अहिले २८ खर्ब ८९ अर्ब ३२ करोड बराबरको पूँजीमा समेटिएको छ।

दशैंको बिदा हुनुअघि कात्तिक ३ गतेको कारोबारको तुलनामा आज कात्तिक १२ गते बजार खुल्दा कारोबार बढ्ने अपेक्षा गरिए तापनि २८.१८ प्रतिशतले नेप्से घटेको देखिएको छ।

यसरी पछिल्लो दुई वर्षको नेप्सेको ट्रेन्ड हेर्दा नेपाल सरकारको एक वर्षको बजेट बराबरको रकम नेपाली शेयर लगानीकर्ताले गुमाएको जानकारहरूको विश्लेषण छ। वीरगंजमा मात्रै करीब एक लाखभन्दा बढी शेयर लगानीकर्ताहरू रहेकामा वीरगंजलगायत देशभरिकै शेयरमा लागेको कुल पूँजीको ६० प्रतिशत लगानीकर्ताले गुमाएको एकजना अगुवा शेयर लगानीकर्ता बताउँछन्। उनका अनुसार नेपालमा शेयर बजार निरन्तर ओरालो लाग्नुमा नेपाल राष्ट्र बैंकको नीति नै मुख्य कारक रहेको उनको भनाइ छ।

दुई वर्षअघि कम ब्याजदरमा नागरिकले बैंकबाट ऋण लिएर घरजग्गाका साथै अन्य व्यापार गरिरहेका थिए तर त्यसपछिको अवधिमा राष्ट्र बैंकले वाणिज्य बैंकको ब्याजदरमा नियन्त्रण गर्न नसक्दा शेयरका साथै अन्य उद्योग–व्यापार निरन्तर ओरालो लागिरहेको छ। फलस्वरू देशमा आर्थिक मन्दी र उद्योगधन्दा चौपट भएको विज्ञहरूको विश्लेषण छ। राष्ट्र बैंकले देशमा आर्थिक गतिविधि सुधार्नुको साटो वाणिज्य बैंकहरूलाई मनोमानी गर्न दिने नीति लिएको छ। आठ प्रतिशत ब्याजदरमा लगानी गरेका वाणिज्य बैंकहरूले अहिले ब्याजदर बढाएर १६ प्रतिशत पुऱ्याउँदा पनि राष्ट्र बैंक मूकदर्शक बन्दा लगानीकर्ताहरू निराश भएका छन्।

लगानीकर्ताहरूले ब्याजदरको नीति समसामयिक र सान्दर्भिक हुनुपर्नेमा जोड दिंदै ब्याजदर नघटे अहिलेभन्दा विकराल अवस्था आउन सक्ने चेतावनी दिएका छन्।

## ठोरीको हुलाकी सडकका विभिन्न स्थानमा सिसिटिभी जडान

प्रस, पोखरिया, १२ कात्तिक/

ठोरी गाउँपालिकाले गापा अन्तर्गत ठोरी गापा–१ को सरस्वती चौकी, चौतारा, भगवाननगर, वडा नं २ को


तस्वीरः प्रतीक

हुलाकी सडकखण्डका विभिन्न स्थानमा सिसिटिभी जडान गरेको छ।

सिसिटिभी जडान भएपछि दुर्घटनाको वस्तुस्थिति बुझ्नका साथै शान्ति सुरक्षामा सहयोग पुग्ने गापा अध्यक्ष लालबहादुर श्रेष्ठले बताए।

उनले सम्भावित दुर्घटनाका क्षेत्रहरूमा जडान गरिएका सिसिटिभीले पालिकाभित्रका सडकको गतिविधि र दुर्घटनाको सत्यता पत्ता लगाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए। सिसिटिभीले सडकमा दुर्घटना गरेर भाग्ने, पसलहरूमा चोरी गर्ने, अमानवीय घटना गर्नबाट जोगाउन सक्ने उनको भनाइ छ।

भन्सार चोक, इलाका प्रहरी कार्यालय, ठुठे खोला, वडा नं ३ को रामनगर, बुधनगर ओडार प्रहरी चौकी, ब्रह्मनगर, वडा नं ४ को निर्मलबस्ती, मिलचोक, विशालचोक, विजयबस्ती, वडा नं ५ को सुवर्णपुरचोक र बागमोर्चा पुलमा सिसिटिभी जडान गरिएको उनले बताए।

अध्यक्ष श्रेष्ठले आगामी दिनमा ठोरी गापाका प्रत्येक टोलमा सिसिटिभी जडान हुने बताए। सिसिटिभीमा कैद हुने गतिविधि पालिकाबाट निगरानी गर्न सकिने र ठोरीमा रहेको प्रहरी कार्यालयले पनि मोबाइलमा हेर्न सक्ने व्यवस्था मिलाइएको उनले बताए।

## निजगढ नपाले नदीजन्य पदार्थबाट राजस्व सङ्कलन गरेको भन्दै स्थानीय ट्याक्टर व्यवसायीहरूद्वारा रोक

प्रस, निजगढ, १२ कात्तिक/

निजगढ नगरपालिकाले अवैध नदीजन्य पदार्थहरूबाट राजस्व सङ्कलन गरेको भन्दै निजगढका स्थानीय ट्याक्टर व्यवसायीहरूले अवैध राजस्व असुली गर्न आइतवारदेखि बन्द गराएका छन्।

गत वर्ष निजगढ नगरपालिकाको बकैयाखोलाको नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को ठेक्का नलागेपछि नजीकैको बकैयाखोलाबाट अवैधरूपमा नदीजन्य पदार्थ सङ्कलन गरी थुपारिएको थियो। अवैधरूपमा सङ्कलन गरिएका नदीजन्य पदार्थलाई यहाँका क्रसर उद्योगहरूले प्रशोधन गरेर रोडा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ अन्य स्थानमा ढुवानी गरेबापत निजगढ नगरपालिकाले उठाउँदै आइरहेको राजस्व स्थानीय ट्याक्टर व्यवसायीहरूले बन्द गराएका हुन्।

अवैध नदीजन्य पदार्थ निकासी गरेबापत राजस्व असुल्न निजगढ नपाले बकैयापुल छेउमा २४सैं घण्टा नगरप्रहरी र कर्मचारी खटाउँदै आएको छ।

दैनिक टिपर, ट्याक्टरबाट नगरपालिकाले रसिद काटेर नदीजन्य पदार्थ निकासी गरेबापत राजस्वको नाममा एक लाखदेखि सात लाखसम्म रकम सङ्कलन गर्ने गरेको स्रोतले जनाएको छ।

सोसम्बन्धी प्रतिक्रिया लिन खोज्दा निजगढ नपाबाट खटिएका कर्मचारीहरूले केही बोल्न मानेनन्।

अन्य वडामा रहेका ट्याक्टर व्यवसायीहरूलाई कानूनी दायरामा ल्याउन निरन्तर प्रयास नगरी राजमार्ग आसपासका वडा नं ८, ९ लगायतका अन्य वडाका ट्याक्टरहरूलाई खोलामा जान नदीजन्य पदार्थ निर्बाध ल्याउन निजगढ नगरपालिकाले प्रतिबन्ध कायमै राखेको भन्दै अवैध नदीजन्य पदार्थबाट नगरपालिकाले उठाउने राजस्व पनि अवैध रहेको जनाउँदै आजदेखि अनिश्चितकालका लागि राजस्व सङ्कलनमा रोक लगाएको निजगढ ट्याक्टर व्यवसायी समूहका अध्यक्ष चेतनाथ न्यौपानेले बताए।

गत वर्ष खोला ठेक्का नलागेको कारण दशैं नजीकिंदो तिहार, छठ पर्वमा स्थानीय ट्याक्टर व्यवसायी,


ट्याक्टर व्यवसायी समूह। तस्वीरः प्रतीक

मजदूरहरूका बारेमा निजगढ नगरपालिकाले ध्यान नदिंदा वर्षौंदेखि गर्दै आइ रहेको रोजगार खोसिएको र पलायन हुनुपर्ने स्थिति सिर्जना भएको पीडित मजदूर, ट्याक्टर व्यवसायीहरूले बताए।

निजगढका वडा नं ८ र ९ मा मात्र तीन सयभन्दा बढी ट्याक्टर, चालक र मजदूर गरी १५ सयभन्दा बढी मानिस रोजगारविहीन हुँदा उनीहरूसँग आश्रित करीब पाँच हजार परिवारिक सदस्य मर्कामा परेका छन्।

खोला नखुलाउँदा रोजगार गुम्यो। आर्थिक जोहो पनि भएन। दशैं पनि खल्लो गरी जेनतेन बित्यो। अन्य आम्दानीको स्रोत छैन। खोलामा गिट्टी, बालुवा चाल्यो, ढुङ्गा सङ्कलन गरी बिक्री गरिन्थ्यो। त्यो पनि एक वर्षदेखि बन्द छ। रासनको लागि पसले साहुले उधारो पनि दिन छाड्यो। आफू कसरी खाने, परिवार कसरी पाल्ने धौधौ परिरहेको निजगढ–८ सुकुमबासी टोलका अढाई सय घरधुरीभन्दा बढीको दुःखेसो छ।

खोला खुल्छ भनेर रोजगारका लागि ट्याक्टर बैंकबाट ऋण काढेर किन्यो। खोला वर्षौंदेखि बन्द, वर्षायामपछि खोला खुल्छ होला भन्यो नगरपालिकाले वास्ता गर्दैन।

बैंकको ब्याज तिर्न त कहाँ हो कहाँ कसरी बाँच्ने भन्ने चिन्ताले गाजिरहेको अधिकांश पीडित ट्याक्टरधनीहरू बताउँछन्। "आँगनमा ट्याक्टर खडा गरेको ठ्याक्कै वर्ष दिन नाघ्यो। बैंकबाट ६/७ प्रतिशतमा ऋण लियो। १५/१६ प्रतिशत पुऱ्याउँछ। विश्वव्यापी कोरोना महामारी गत वर्षदेखिको निरन्तर आर्थिक मन्दीले न मर्नु न बाँच्नु पारेको छ," उनीहरू भन्छन्।

वर्ष दिनसम्म खोला नखोल्दा घर निर्माण थालेका स्थानीयहरूलाई नदीजन्य पदार्थको अभाव हुँदै आएको छ। छिमेकीको काम रोक्नै लाग्यो। दुई/चार ट्याक्टर बालुवा ल्याइदेऊ भन्छन्। खोलामा गयो प्रहरीले समाउँछ अनि प्रतिट्याक्टर रु १० हजार जरिवाना तिराउँछ। हाम्रो पीडा कसले सुनिदिने। जनप्रतिनिधिहरू पनि चुपचाप छन्, समस्याको निकास निकाल्दैनन्," पीडित ट्याक्टरधनीहरू भन्छन्।

पटकपटक ट्याक्टर व्यवसायीहरूले निजगढ नपा परिसरमा ट्याक्टर तेर्साएर आफ्ना समस्याको समाधान निकाल्न नगरप्रमुख सुरथ पुरीलगायत जनप्रतिनिधिहरूलाई दबाब सिर्जना गरे पनि प्रयास गर्न प्रतिबद्ध रहेको भन्दै तत्कालका लागि कानूनी बाधाका कारण सो समस्या निम्तिएको उनीहरूले बताउँदै आएका पीडित ट्याक्टर व्यवसायीहरूले भने।

आर्थिक वर्ष २०८०/८१ मा निजगढ नगरपालिकाले नगरभित्रका बकैया, धन्सार, लाल–भक्तलाल खोलाको नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को ठेक्का बन्दोबस्तीका लागि तयार गर्न लगाइएको आइइई रिपोर्ट दुई महीना बिते पनि अझै नगरपालिकामा आइनपुगेको बुझिएको छ।

निजगढ नगरपालिकाको वडा नं ४ कछडिया टोल र वडा नं ९ मा रहेका आठवटा क्रसर उद्योगमा हाल ८५ लाख ७६ हजार ७७६.५० क्यूफिट नदीजन्य पदार्थ मौज्जाद रहेको जनाइएको छ। उक्त परिमाण टेन डाउन गिट्टीबाहेक क्रसर उद्योगबाट उत्पादन, प्रशोधन गरिएको र नगरी थुपारिएको सबैको स्थलगत नापजाँच गर्दा निस्किएको नदीजन्य पदार्थ ग्राभेल, ढुङ्गा, गिट्टी, बालुवाको परिमाण रहेको निजगढ नपाका इन्जिनीयर रूपेश यादवले जानकारी दिए।

निजगढ नपाको निर्देशनमा गएको प्राविधिक टोलीले गत साउन ११ गते एक सातासम्म गरेको स्थलगत अनुगमनबाट उक्त परिमाण निकालिएको हो।

## करोडौं ठगीको आरोपमा गुप्ता पक्राउ

प्रस, वीरगंज, १२ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले करोडौं रकम ठगी गरेको आरोपमा बिट्टु मिनरल वाटरका सञ्चालकलाई पक्राउ गरेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ७ घर भई हाल वीरगंजस्थित बिर्तामा बस्ने बिट्टुकुमार गुप्तालाई ठगीको आरोपमा प्रहरीले पक्राउ गरेको हो।

गुप्ताले बहुदरमाई नगरपालिका निवासी सोनामती देवीसँग ४० लाख र ५५ लाख गरी ९५ लाख रकम लिएको आरोपमा प्रहरीले पक्राउ गरेको हो। तर प्रहरी स्रोतका अनुसार पीडित भनिएका सोनामतीको परिवारले ठगी मुद्दाको निवेदन लिएर आउँदा एउटै परिवारको व्यक्ति रहेकाले मुद्दा नलाग्ने भनेपछि सो परिवार बिट्टुविरुद्ध अदालतमा गएको थियो।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले १५ दिनअगाडि परमादेश जारी गरेपछि पर्सा प्रहरीले गुप्तालाई पक्राउ गरेको हो।

पक्राउ परेका बिट्टुका परिवारजनका अनुसार करकाप गरी अर्को पक्षले चेकमा जबरजस्ती सही गराएको आरोप लगाएका छन्।

गुप्तामाथि ठगी मुद्दा दर्ता गरी थप म्यादको लागि जिल्ला अदालत पर्सामा पठाएको प्रहरी उपरीक्षक कोमल शाहले जानकारी गराए।

## दुर्घटनामा एकजनाको मृत्यु, ११ जना घाइते

प्रस, वीरगंज, १२ कात्तिक/

चितवनको जलबिरेमा पिकनिक मनाएर वीरगंज फर्कंदै गरेको बस शनिवार राति १० बजे सिमराचोकमा दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्।

ना.७ख ४७४९ नम्बरको बसले मोटरसाइकललाई बचाउने क्रममा अनियन्त्रित भई जीतपुरसिमरा उपमहानगरपालिका–२ सिमरा चोकमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

दुर्घटनामा परी भारत, मोतिहारी जिल्ला पोखरिया पपरिया ढाका किरैया घर भई हाल वीरगंज महानगरपालिका–७ बस्ने २७ वर्षीय मुकेश साहको मृत्यु भएको छ।

त्यस्तै, दुर्घटनामा कलैया उपमनपा–२० बस्ने वीरबहादुर महतो, वीरगंज–८ बस्ने सुरज साह कानू, प्रिया गुप्ता, मनीषा साह, वडा नं १२ बस्ने सेजल गुरुङ, वडा नं ८ बस्ने ललन चौरसिया, वडा नं १२ बस्ने राजनकुमार गुप्ता, वडा नं ८ बस्ने मोहन साह कानू, कलैया–७ बस्ने प्रसाद गुप्ता, अविनाश गुप्ता, जीतपुरसिमरा उपमहानगर–२ बस्ने अनिष राई घाइते भएका जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब निरीक्षक दधिराम न्यौपानेले जानकारी दिएका छन्।

## विचारसार र सूक्तिहरू

**मानिस हुनु र मानिस बन्नुबीचको जीवन एउटा लामो यात्रा हो। यो दूरी हटाउन हामी प्रत्येक दिन कम्तिमा एक पाइला सारौं।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


## बैंक ब्याजदर

**बैंक ब्याजदर घटाउनुपर्ने माग गर्दै मुलुकका विभिन्न भागमा विरोधका कार्यक्रम भइरहेका छन्। यसै क्रममा नागरिक बचाउ अभियानले वीरगंजमा पनि विरोध प्रदर्शन गऱ्यो। प्रदर्शनमा सहभागीहरूले बैंकहरूले कर्जामा लिने ब्याजदर अचाक्ली भएको आरोप लगाइरहेका छन्। उनीहरूको आरोप बैंक तथा वित्तीय संस्थाविरुद्ध लक्षित छ। कर्जा लिएकाहरूलाई ऋणको किस्ता र ब्याज नतिर्न अभियानले सार्वजनिकरूपमैं आह्वान गरेको छ। अभियानबाहेकका अन्य व्यवसायीहरू पनि ब्याजदर घटाउन माग गर्दै आन्दोलनमा छन्। उनीहरूले कर्जाको ब्याजदर एकल दर अर्थात् १० प्रतिशतभन्दा कम गर्नुपर्ने माग गरिरहेका छन्। मुलुकका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बैंक कर्जाको ब्याजदर एकल अङ्कमा राख्न यसअघि नै निर्देशन दिएका थिए।**

**ब्याजदर घट्दा विशेषगरी कर्जा लिनेहरूलाई फाइदा पुग्छ। कर्जामा ब्याजदर घट्दा बैंकमा भएको लगानीयोग्य रकमको लगानी पनि बढ्ने सम्भावना धेरै हुन्छ। करीब दुई खर्ब रुपैयाँ जति लगानीयोग्य रकम मुलुकको बैंकिङ प्रणालीमा रहेको अनुमान छ। कर्जाको ब्याजदर कम भयो भने त्यो रकमलाई कुनै उपयुक्त क्षेत्रमा लगानी गर्न सकिन्छ। यसो हुँदा अर्थतन्त्र गतिशील बन्नेछ। तर कर्जामा ब्याजदर घटाउनका लागि निक्षेपमा ब्याजदर घट्नुपर्ने अनिवार्य शर्त हो। निक्षेप र कर्जाबीच ब्याजदरको फरक अर्थात स्प्रेडदर चार प्रतिशतभन्दा बढी राख्न पाईंदैन। नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षामार्फत २०८० असार मसान्तभित्र स्प्रेडदर चार प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरेको थियो। स्प्रेडदर बढी भएका बैंकहरूले स्प्रेडदरलाई राष्ट्र बैंकले तोकेको सीमामा झार्न कर्जाको प्रिमियम दर पनि घटाएका छन्। कर्जा लिएकाहरूले अझै पनि कर्जाको ब्याजदर घटाउन माग गरिरहेको अवस्थामा विगतमा जस्तो स्प्रेडदरको अन्तर धेरै नरहेकोले अब निक्षेपको ब्याजदर नै घटाउनुपर्ने हुन्छ।**

**हाम्रो मुलुकका बैंकहरूका निक्षेपकर्ता पनि नेपाली नै हुन्। ठूला बैंकबाट कर्जा लिने व्यक्ति हरेक घरमा नहोला तर बैंकमा धेरथोर रकम जम्मा गर्नेहरू अधिकांश घरपरिवारमा पाइन्छ। सामान्य सरकारी नोकरी, उद्यम तथा व्यापारिक प्रतिष्ठानका कामदार साथै दैनिक ज्यालादारी गर्नेहरूले समेत आफ्नो घरव्यवहार धानेर बचेको रकम बैंकमा जम्मा गरेका हुन्छन्। वैदेशिक रोजगारमा जाने घरपरिवारका र ससाना उद्यम गर्नेहरूले बैंक तथा वित्तीय संस्थामा आफ्नो आम्दानी बचत गरिरहेका हुन्छन्। हाम्रो समाज र सुरक्षा अवस्थाप्रति विश्वस्त रहन नसक्दा सानातिना रकमसमेत बैंक खातामा रहने गरेको छ। त्यसैगरी, ठूला उद्योग तथा व्यापारिक प्रतिष्ठान, नेपाल टेलिकम, नेपाली सेना र नेपाल प्रहरी, कर्मचारी सञ्चय र नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष हाम्रा बैंकका निक्षेपकर्ता हुन्। निक्षेपमा ब्याजदर घट्दा ठूला उद्योगी–व्यापारीहरूले रकम विदेशमा जम्मा गर्नेछन् भने साना निक्षेपकर्ता मारमा पर्ने स्पष्ट छ। निक्षेपकर्ताहरू हतोत्साहित भएमा बैंक रित्तिन सक्छ। यस्तो भएमा वित्तीय क्षेत्र मात्र होइन देशको अर्थतन्त्र नै डामाडोल र भताभुङ्ग हुन सक्छ। मुलुकका प्रधानमन्त्री वा कुनै अभियानले के बोल्यो भन्ने भन्दा पनि कसको स्वार्थमा बोल्यो भन्ने कुरा महत्त्वपूर्ण हो। उत्पादनमूलक कामका लागि ऋण लिनेहरूले न्यायोचित ब्याज तिर्नैपर्छ।**

# युद्धको कारण र शान्तिको आवश्यकता

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**मानिसमा पशुता र देवत्व दुवै हुन्छ। दुवै एकअर्कामाथि विजय हासिल गर्न सङ्घर्षशील रहन्छ। प्रारम्भिककालमा यो सङ्घर्ष वैचारिक हुन्छ, त्यसलाई द्वन्द्व भनिन्छ। जब यही सङ्घर्ष दैहिक हुन्छ, तब यसलाई युद्ध भनिन्छ। मूलतः युद्ध पाशविक प्रवृत्ति हो।**

२१औं शताब्दीमा मानिस पृथ्वीको सबैभन्दा शक्तिशाली प्राणी हो, जसले पृथ्वीमा बसोवास गर्ने अन्य प्राणीहरूमाथि आफ्नो वर्चस्व जमाएको छ। आज मानिस आफ्नो सामर्थ्यले पृथ्वी बाहिर रहेका अन्य ग्रहहरूमा पनि शक्ति प्रदर्शन गरिरहेको छ। त्यहीं अर्कोतिर शक्तिसम्पन्न मानिसको अहङ्कारले उसलाई अन्धो बनाएको छ। आफूलाई सर्वश्रेष्ठ देखाउन कैयन जीवन बर्बाद गर्न पछि हट्दैन। विश्वमा आज आफूलाई सर्वश्रेष्ठ देखाउने होड चलिरहेको छ। उसको चाहना सम्पूर्ण विश्वमाथि नै शासन गर्नुरहेको छ। उसको यस प्रकारको चाहनाबाट नै युद्धको जन्म भएको छ। युद्ध भनेको तबाहीको अर्को नाम हो। युद्धबाट कहिले पनि कसैलाई पनि लाभ भएको छैन। युद्धमा संलग्न दुवै पक्ष समानरूपले प्रभावित हुन्छ। युद्ध हुने देशहरूमा अशान्त वातावरणको जन्म हुन्छ जसबाट त्यहाँ हुने विकास प्रभावित हुन्छ। यस परिवेशमा शान्ति स्थापना आवश्यक हुन जान्छ।

युद्ध पारिवारिक सदस्यहरूबीच हुने झगडाभन्दा फरक हुन्छ किनभने घरमा हुने झगडा थोरै समयका लागि हुन्छ। यसबाट बढी हानि हुँदैन र छिट्टै शान्ति स्थापना पनि हुन्छ। त्यहीं अर्कोतिर युद्ध यस्तै झगडाको डरलाग्दो रूप हो जुन दीर्घकालसम्म चलिरहन्छ। यसमा दुवै देशबीच हातहतियारसहित लडाइँ हुन्छ जुन पछि महायुद्धमा परिणत हुन्छ। कुनै पनि युद्ध कारणबेगर हुँदैन। युद्धमा दुवै पक्षबीच कुनै यस्तो कारण हुन्छ जसले युद्धको वातावरण तयार पार्दछ। ती कारण के–के हुन सक्छन् ?

यसको पहिलो कारण साम्राज्यवाद हो, किनभने मानिसमा बढी शक्ति हासिल गर्ने चाहना हुन्छ। यस कारण ऊ बढी भन्दा बढी क्षेत्रमाथि आफ्नो अधिकार जमाउन खोज्छ। उसको यसै विस्तारवादी नीतिले गर्दा साम्राज्यवादको जन्म हुन्छ। आफ्नो शक्ति विस्तारका लागि मानिस सत्ता र साम्राज्य हासिल गर्न कैयन प्रकारका हथकण्डा प्रयोग गर्छ जसमध्ये युद्ध पनि एक हो। युद्ध हुनु पछिको अर्को महत्त्वपूर्ण कारण आर्थिक हित हो। कैयन देशका आर्थिक हित एकै ठाउँबाट सम्बन्धित हुन्छ। यिनै आर्थिक हितले गर्दा दुई देशबीच मनमुटाव हुन्छ जुन कालान्तरमा गएर तनाव र युद्धमा परिणत हुन्छ। युद्ध हुनुको तेस्रो कारण धार्मिक र सांस्कृतिक पनि हो। इतिहास कैयन धार्मिक र सांस्कृतिक युद्धको साक्षी रहेको छ। कैयन देशको के चाहना हुन्छ भने उसको धर्म र संस्कृतिबारे अन्य देशलाई पनि थाहा होस् र उनीहरूले त्यही धर्म र संस्कृति अनुसरण गरून्। यसका लागि उनीहरू आफ्नो धर्म र संस्कृति अन्य देशमाथि थुपार्ने प्रयास गर्छन् जसको परिणामस्वरूप युद्ध हुने गर्छ।

युद्ध र शान्तिबीच एक प्रकारको विरोधाभास रहेको छ। पहिलो विश्वयुद्ध लिग अफ नेशन्सको स्थापनासँगै समाप्त भएको थियो जसको उद्देश्य पुनः युद्ध नहुन दिनको लागि सम्भावनाहरूको खोजी गर्नु थियो। तर यसले पनि युद्धको प्रकोप न्यून गर्न सकेन र दोस्रो विश्वयुद्ध भयो। त्यसपछि स्थायी शान्तिका लागि संयुक्त राष्ट्रसङ्घ गठन भयो। तर स्थायी शान्ति हालसम्म पनि सपना बनेको छ र युद्धको बादल कहिले कुनै देशमा त कहिले कुनै देशमा निरन्तर देखा परिरहेको छ। नेपोलियन र बिस्मार्क इतिहासका यस्ता योद्धा भए जो आफ्नो शत्रुलाई परास्त गर्न वा धन लुट्न लड्थे। तर कुनै युद्धको परिणाम सकारात्मक देखिएन। यसले मानिस स्वभावको सूक्ष्म संवेदनाहरूलाई नष्ट गर्दछ र त्यसको ठाउँमा घृणा, ईर्ष्या र द्वेष जन्माउँछ। दोस्रो विश्वयुद्धले नागासाकी र हिरोशिमामाथि परमाणु बमको रूपमा तबाही मचाएको थियो। यसले शहरलाई खरानीको थुप्रो बनाउनुका साथै महिला, पुरुष र बच्चाहरूलाई मृत वा जीवनभरिका लागि अपाङ्ग बनायो। इतिहासमा भएको यही कुरो आज रूस–युक्रेन र इजरायल–हमास युद्धमा समेत दोहोरिएको छ। युद्धले कहिल्यै पनि मानिसको भलो हुँदैन।

भनिन्छ अशान्त मनले गरेको कुनै पनि काममा सफलता हासिल हुँदैन। त्यसैगरी कुनै पनि अशान्त देश विकास पथमा अग्रसर हुन सक्दैन। प्रत्येक देश वा व्यक्तिको चाहना शान्तिपूर्वक जीवन व्यतीत गर्नुहुन्छ। यस कारण युद्धको स्थितिबाट बच्नका लागि र देशमा शान्ति स्थापनाका लागि शान्ति सम्झौता गरिन्छ। उदाहरणका लागि दोस्रो विश्वयुद्धमा ब्रिटेनले जर्मनीसँग म्युनिखमा सम्झौता गरेको थियो किनभने ऊ हिटलरसँग लड्न सक्षम थिएन। यस कारण के भन्न सकिन्छ भने विनाशकारी स्थितिसँग जोगिन शान्ति स्थापना गर्नु एकमात्र उपाय हो। जसरी युद्धको दुई पक्ष हुन्छ त्यसैगरी शान्तिको पनि दुई पक्ष हुन्छ। स्थायी शान्ति भनेको युद्धमा अर्जित शान्तिसमान हुन्छ। यसलाई एक उदाहरण द्वारा बुझ्न सकिन्छ। भारत र पाकिस्तानबीच कहिले पनि राम्रो सम्बन्ध रहेको छैन तर प्रत्येक दिन युद्ध भइरहेको छ भन्ने पनि होइन। कारण के हो भने भारतले पाकिस्तानको आक्रमणलाई उल्टा झापड दिने भन्ने डर उत्पन्न गरेको छ जसले गर्दा पाकिस्तान भारतविरुद्ध सधैं बोलि त रहन्छ तर युद्ध गर्दैन। परिणामस्वरूप शान्तिपूर्ण माहोल छ र युद्धको विभीषिकाबाट बचेका छन्।

समस्त मानजातिलाई विनाशबाट जोगाउनको लागि विश्वका कैयन कुनाबाट विश्व शान्तिको माग भइरहेको छ। महात्मा गाँधीले भारतको स्वतन्त्रताका लागि हिंसाको सहारा लिएनन्। विश्वभरि युद्धको स्थितिबाट जोगिन कैयन सङ्गठनले काम गरिरहेका छन्। जब कुनै राष्ट्रमा शान्ति हुन्छ, त्यसबेला चारैतिरबाट लाभ हासिल हुन्छ। राष्ट्रको धन मानिसको कल्याणकारी कार्यमा खर्च हुन्छ। कल्याणकारी परियोजना शुभारम्भ हुन्छ। कला र साहित्यको प्रगति शान्तिको वातावरणमैं सम्भव हुन्छ। यसलाई एउटा अर्को उदाहरणबाट बुझ्न सकिन्छ। एलिजाबेथ युग त्यस बेला मात्र साहित्यको स्वर्णयुग बन्न सक्यो जब स्पेनिस आर्मडाको हारपछि शान्ति स्थापना भयो। अङ्ग्रेजहरूले आफ्नो प्रभुत्व स्थापित गरे र विक्टोरियन युगमा जब सबैखाले युद्ध समाप्त भयो र शान्ति स्थापना भयो; विज्ञान, उद्योग, साहित्य, लोकतन्त्रको अङ्ग्रेजी इतिहासमा विकास भयो।

यसैगरी भारतीय इतिहासको मुगलकालमा अकबर आफ्नो शासनकालको लामो समयसम्म युद्ध गर्दै रहे र केही हासिल गर्न सकेनन् तर जुनबेला उनको शासनकालमा शान्ति स्थापना भयो उनले आगराको किला, फतेहपुर सिकरी निर्माण भयो। उनको दरबारमा महान् बुद्धिजीवी र महान् विचारकहरूले ठाउँ पाए र त्यो कालखण्ड स्वर्णिमकालको रूपमा प्रचलित भयो। के शाहजहाँ युद्धमा संलग्न रहेको भए ताजमहल बनाउन सक्थे ? त्यसैगरी भारत आज आफ्नो बजेटको ठूलो भाग सीमा सुरक्षामा खर्च गरिरहेको छ। विगतको कारगिल युद्धमा उसलाई ६०० करोड खर्च गर्नुपरेको थियो। पाकिस्तानको अर्थव्यवस्था पूर्णरूपेण चौपट भइसकेको छ र त्यहाँका मानिस दयनीय जीवन व्यतीत गर्न बाध्य छन्। यी दुवै देश यदि शान्तिपूर्वक बसेका भए उपलब्ध संसाधनहरूको उपयोग राम्ररी हुन्थ्यो र युद्धमा शहादत प्राप्त गरेका मानिसको मुखमा जीवन्त मुस्कान हुन्थ्यो। तर जबसम्म युद्धको बादल मडारिइरहन्छ त्यस बेलासम्म कसैले बाँच्ने आस कसरी गर्न सक्छ ?

मानिसमा पशुता र देवत्व दुवै हुन्छ। दुवै एकअर्कामाथि विजय हासिल गर्न सङ्घर्षशील रहन्छ। प्रारम्भिक कालमा यो सङ्घर्ष वैचारिक हुन्छ, त्यसलाई द्वन्द्व भनिन्छ। जब यही सङ्घर्ष दैहिक हुन्छ तब यसलाई युद्ध भनिन्छ। मूलतः युद्ध पाशविक प्रवृत्ति हो। यसको दुष्परिणाम हामी सबैलाई थाहा छ। युद्धबाट मुक्तिका लागि महात्मा बुद्ध, महावीर, महात्मा गाँधी, मार्टिन लुथरजस्ता चिन्तकहरूले विश्वलाई अहिंसाको सन्देश दिएका छन्। यसैगरी हाम्रो देश नेपालले पनि पञ्चशीलको सिद्धान्त अँगालेको छ। संयुक्त राष्ट्रसङ्घको स्थापना भएको छ तर पनि युद्धबाट पृथ्वीलाई जोगाउन गाऱ्हो परिरहेको छ। युद्धको एक तथ्याङ्कले के देखाएको छ भने पाँच हजार वर्षको इतिहासमा करीब १४ हजार युद्ध भएका छन्। युद्धको सम्बन्ध मानिसको मनसँग हुन्छ। जबसम्म मानिसको मनमा विकार रहन्छ, तबसम्म युद्ध रोकिन्न। भारतीय कवि दिनकरले लेखेका छ– "युद्धको तुम निंदय कहते हो अगर/जब तलक हैं उठ रही चिंगारियां/भिन्न स्वार्थों के कलुष सङ्घर्ष की/युद्ध तबतक विश्व में अनिवार्य है।"

शान्तिको स्थितिले आम मानिसको मनलाई शान्ति प्रदान गर्दछ। शान्त मस्तिष्कबाट नयाँ सकारात्मक विचार उत्पन्न हुन्छ। यस कारण हामी के भन्न सक्छौं भने युद्ध विनाशको अर्को नाम हो। युद्ध मानव तबाहीको कारण भएकोले यसलाई सधैं रोक्ने प्रयास गर्नुपर्छ। वर्तमानमा विज्ञानले युद्धलाई झन् भयावह बनाएको छ। अणु बम, परमाणु बम, हाइड्रोजन बम, फास्फोरस बम, प्रक्षेपास्त्र आदिको आविष्कारले युद्ध विध्वंसकारी बनाएको छ। वर्तमानमा पूरा विश्व प्रलयको सम्भावनाले भयभीत छ। अब यदि विश्वयुद्ध हुन्छ भने स्याल र कागको पनि हर्षगान सुनिंदैन। मानवसहित अन्य चेतन प्राणीको सर्वनाश हुन्छ। जे भए पनि युद्ध मानव जातिका लागि कलङ्क हो। यस कारण वर्तमान परिप्रेक्ष्यमा युद्धलाई रोकेर नै मानव समुदायलाई जोगाउन सकिन्छ। यो त्यति बेला मात्र सम्भव छ जब कुनै पनि समस्याको समाधान युद्धबाट नभई शान्तिपूर्वक छलफलबाट हुन्छ।

# कृषिउपज केन्द्र निर्माण थालिएपछि किसान उत्साहित

महोत्तरी, १२ कात्तिक/रासस

आफ्नो फसल (बाली)ले राम्रो बजार नपाएको आमकिसानको गुनासो बढिरहेका कारण महोत्तरीको गौशालामा कृषिउपज केन्द्र निर्माण गर्न थालिएपछि यस क्षेत्रका किसान उत्साहित भएका छन्। खेतीपातीका लागि आवश्यक वस्तुको अभावबीच दुःखले उब्जाइएको फसलले बजार नपाउँदा दिक्क बनेका किसानलाई केन्द्र निर्माण थालिएपछि ढाडस मिलेको हो। "न समयमा बीउ मल पाइन्छ, न सिंचाइको भरपर्दो उपाय, त्यही पनि हामी नङ्ग्रा खियाएर जेनतेन बाली उब्जाउँदैछौं," गौशाला–४ का ६५ वर्षीय चन्द्रमान तामाङ भन्छन्, "यसरी उब्जाइएको फसलले पनि राम्रो बजार कहिल्यै पाएका थिएनौं, बल्ल कृषिउपज केन्द्र बन्न थालेछ।" कृषिउपज केन्द्रको भवन बनिसकेपछि आफ्नो उत्पादन बेच्न, भण्डारण गर्न सहज हुने भएकाले किसानलाई आस पलाएको छ। जिल्लामैं फलफूल (आँप, लिची) र तरकारी उत्पादनको 'पकेट क्षेत्र' मानिएको



गौशाला नगरक्षेत्रमा कृषिउपज भण्डारण र सङ्कलन तथा बिक्री केन्द्र नहुँदा टिपेर साप्ताहिक हटिया (विभिन्न वार पारेर ठाउँठाउँमा लाग्ने साप्ताहिक हटिया) पुऱ्याएपछि कौडीकै दाममा बेचेर फर्कनुपर्ने अवस्था केन्द्र निर्माणले अन्त्य हुने किसानको विश्वास छ।

किसानले बेहोरिरहेका समस्यालाई मध्यनजर गरेर नै गौशाला–५ बजारछेउमैं मडहा नदीको किनारको नदीउकास पर्ती जग्गामा कृषिउपज केन्द्रको अत्याधुनिक भवन निर्माण शुरू गरिएको गौशालाका नगरप्रमुख डा दीपेन्द्र महतोले जानकारी दिए। "नेपाल सरकारबाट केन्द्र निर्माणका लागि रकम प्राप्त भएको छ, ठेक्का बन्दोबस्तीबाट निर्माण कार्य थालिएको छ," नगरप्रमुख डा महतोले भने, "अबको करीब एक वर्षभित्रै कृषिउपज केन्द्रको अत्याधुनिक भवन निर्माण सम्पन्न भइसक्नेछ।"

केन्द्र निर्माणका लागि नेपाल सरकारले रु सात करोड ८१ लाख ३४ हजार ३७६ को ठेक्का बन्दोबस्त गरेको नगरप्रमुख डा महतोले स्पष्ट पारे। केन्द्र निर्माणका लागि ठेक्का पाएको काठमाडौंस्थित सान्दोर्जे निर्माण सेवाले कार्यादेशमा तोकिएको समयसीमाभित्रै निर्माण कार्य सम्पन्न गरिने प्रतिबद्धता जनाएको छ।

केन्द्र निर्माण भएपछि किसानले उत्पादित फसल यहाँ ल्याएर बेच्ने र केही दिनका लागि भण्डारण गर्न सक्नेछन्। कृषिउपजको व्यापार गर्नेलाई समेत केन्द्र निर्माणले सहज बनाउने नगरप्रमुख महतोको भनाइ छ। केन्द्र सञ्चालनमा आएपछि दैनिक २४सैं घण्टा ताजा तरकारीको बजार रहने डा महतो बताउँछन्।

जम्मा १२ वडाको नगरक्षेत्रका करीब ५० भन्दा बढी बस्ती विभिन्न मौसमी र बेमौसमी तरकारी उत्पादनका लागि उर्वर क्षेत्र मानिन्छन्। त्यसैगरी, आँप र लिचीसहितका फलफूलको पनि गौशाला नगरक्षेत्र पकेट क्षेत्र रहँदै आएको छ। केन्द्र निर्माणले सबै फसलको बजार सहजीकरण गरे पनि तरकारी र फलफूल किसान बढी लाभान्वित हुने कृषि ज्ञान केन्द्र, जलेश्वरका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादव बताउँछन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# गुटेरेसको भ्रमणपछि राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध थप मजबूद हुनेछ –प्रधानमन्त्री

काठमाडौं, १२ कात्तिक/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको चार दिने औपचारिक नेपाल भ्रमणबाट राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायसँग नेपालको सम्बन्धलाई थप मजबूद बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

महासचिव गुटेरेससँग आइतवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको औपचारिक भेटवार्तापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै प्रधानमन्त्री प्रचण्डले अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध विस्तार तथा सहजीकरण गर्न यो भ्रमणले महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

उक्त छलफल नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, अल्पविकसित मुलुकबाट स्तरोन्नति र दिगो विकासलगायतका विषयमा केन्द्रित भएको प्रधानमन्त्री प्रचण्डले बताए।


तस्वीरः रासस



“निकै सौहार्दपूर्ण वातावरणमा दुई पक्षीय हितका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयमा विश्वासका साथ हामीले छलफल गऱ्यौं। मुख्यरूपमा जलवायु परिवर्तनको विषयमा गम्भीररूपमा चर्चा भयो,” प्रधानमन्त्री प्रचण्डले भने, “नेपालमा जलवायु परिवर्तनका नकारात्मक असरको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय समुदायमा संयुक्त राष्ट्रसङ्घको महासचिवको हैसियतले उहाँले खेल्नुभएको भूमिकाको उच्च प्रशंसा गऱ्यौं।” जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आगामी दिनमा राष्ट्रसङ्घलगायत द्विपक्षीय तथा बहुपक्षीप अन्तर्राष्ट्रिय निकायबाट सहयोगको अपेक्षा गरेको प्रधानमन्त्री प्रचण्डले बताए।

त्यस्तै, नेपालको शान्ति प्रक्रिया चाँडै टुङ्गिने विश्वास पनि प्रधानमन्त्री प्रचण्डले व्यक्त गरे। “अन्तिम चरणमा रहेको नेपालको शान्ति प्रक्रियालाई टुङ्ग्याउनका लागि अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसङ्घको महासचिवको हैसियतले उहाँको महत्त्वपूर्ण भूमिका रहने विश्वास हामीले लिएका छौं,” उनले भने।

नेपालको आर्थिक विकास र समृद्धिका बारेमा पनि छलफल भएको प्रधानमन्त्री प्रचण्डले बताए। नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा रहेकोले यो प्रक्रिया सहज बनाउन तथा तोकिएको समयमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि सहयोग गर्न पनि प्रधानमन्त्री प्रचण्डले राष्ट्रसङ्घ महासचिव गुटेरेससँग आग्रह गरे।

“असाध्यै सकारात्मक छलफल भएको छ। यहाँको राजनीतिक उतारचढाव र शान्ति प्रक्रियाबारे उहाँलाई राम्रो थाहा छ। मौसम परिवर्तनका असरबारे पनि छलफल भयो,” प्रधानमन्त्री प्रचण्डले भने, “विश्व शान्ति निर्माणका लागि नेपालको शान्ति सेनाले खेलेको भूमिकाको पनि उहाँले मुक्तकण्ठले प्रशंसा गर्नुभयो। हामीले पनि हाम्रो योगदानको सम्मान होस् भन्ने विषय राख्यौं।”

राष्ट्रसङ्घका महासचिव गुटेरेसले आजै उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री एनपी साउँदसँग पनि औपचारिक भेटवार्ता गरेका थिए।

**महासचिव गुटेरेस र सभापति देउवाबीच भेटवार्ता**

महासचिव गुटेरेस र नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबीच भेटवार्ता भएको छ।

सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा आज अपराह्न उनीहरूबीच शिष्टाचार भेट भएको हो। सो अवसरमा उनीहरूबीच नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तनलगायत विषयमा छलफल भएको भेटमा सहभागी उपसभापति एवं कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले जानकारी दिए।

महासचिव गुटेरेस नेतृत्वको प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसङ्घका शान्ति कार्यका लागि उपमहासचिव जिन पियरे ल्याक्रोइक्स, नेपालका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक हाना सिङ्गर–हाम्दी र संयुक्त राष्ट्रसङ्घका अन्य अधिकारीहरू सहभागी थिए।

महासचिव गुटेरेस नेपालको चार दिने औपचारिक भ्रमणका क्रममा आइतवार बिहान १ बजे यहाँ आएका हुन्। उनले यसअघि प्रधानमन्त्री प्रचण्डसँग भेटवार्ता गरेका थिए।

साथै उपप्रधानमन्त्री खड्का र परराष्ट्रमन्त्री साउदसँग समेत महासचिव गुटेरेसको छुट्टाछुट्टै भेटवार्ता भएको थियो। भेटवार्तापछि उनले ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको पनि अवलोकन गरे। प्रधानमन्त्री प्रचण्डले महासचिव गुटेरेसको सम्मानमा आज साँझ सांस्कृतिक कार्यक्रमसहितको रात्रिभोजको आयोजना गरेका थिए।

भ्रमणका क्रममा सोमवार उनी नाम्चे, पोखरा, अन्नपूर्ण आधार शिविर र लुम्बिनी जानेछन्। यही कात्तिक १४ गते मङ्गलवार अपराह्न ४ बजे उनले सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

प्रधानमन्त्री प्रचण्डको मैत्रीपूर्ण निमन्त्रणमा उनी नेपालको औपचारिक भ्रमणमा आएका हुन्। महासचिव गुटेरेस नेपाल भ्रमण सम्पन्न गरी कात्तिक १५ गते (१ नोभेम्बर) काठमाडौंबाट प्रस्थान गर्नेछन्।


**बिक्रीमा राखिएका माटोका भाँडाकुँडाः** दशैं सकिए लगत्तै दीपावलीका लागि महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका वडा नं १ मा रहेको हटिया बजारमा बिक्री गर्न राखिएका माटोका भाँडाकुँडा। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# आयात बढ्दा निर्यात घट्यो

काठमाडौं, १२ कात्तिक/रासस

चालू आर्थिक वर्षको तेस्रो महीनासम्ममा मुलुकले रु चार खर्ब सात अर्ब ७५ करोड ८९ लाख बराबरको मालवस्तुको आयात गरेको छ।

गत आर्थिक वर्षको सोही अवधिमा रु चार खर्ब ९९ करोड बराबरको वस्तु आयात भएको छ। गत आवको तेस्रो महीनाको तुलनामा चालू आवको तेस्रो महीनासम्म कुल आयात एक दशमलव ६९ प्रतिशतले बढेको छ।

भन्सार विभागले आइतवार सार्वजनिक गरेको गत असोज मसान्तसम्मको विवरण अनुसार तीन महीनाको अवधिमा नेपालको निर्यात भने दुई दशमलव २६ प्रतिशतले ओरालो लागेको छ। विभागका अनुसार सो अवधिमा नेपालबाट रु ४० अर्ब ८७ करोड ४८ लाख बराबरको मालवस्तु निर्यात भएको छ। गत वर्षको तीन महीनाको अवधिमा रु ४१ अर्ब ८२ करोड बराबरको निर्यात भएको थियो।



तस्वीरः फाइल

सो अवधिमा नेपालको वैदेशिक व्यापार रु चार खर्ब ४८ अर्ब ६३ करोड बराबरको भएको छ। गत वर्षको यही अवधिमा रु चार खर्ब ४२ अर्ब ८१ करोड बराबरको वैदेशिक व्यापार भएको थियो।

विभागका अनुसार असोज मसान्तसम्म नेपालको व्यापार घाटा रु तीन खर्ब ६६ अर्ब ८८ करोड बराबर रहेको छ। गत वर्षको सोही अवधिमा रु तीन खर्ब ५९ अर्ब १७ करोड बराबरको व्यापार घाटा भएको थियो।

# नेप्से परिसूचकमा गिरावट जारी

काठमाडौं, १२ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २८ दशमलव १८ अङ्कले ओरालो लागेर एक हजार ८७५ दशमलव ६५ मा सीमित भएको छ। यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव १६ अङ्कले ओरालो लागेर ३६१ दशमलव ९४ मा सीमित भएको छ।

कारोबार भएका १३ वटै उपसमूहका शेयर मूल्यमा गिरावट भएको छ। कुल २७ लाख १२ हजार १२३ कित्ता शेयर रु ७४ करोड २९ लाख २५ हजार ३९२ मूल्यमा कारोबार भएको छ।

कारोबारका आधारमा नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु चार करोड आठ लाख ५६ हजार ३१५ मूल्यमा खरीद–बिक्री भए।

यस्तै, हाथवे इन्भेस्टमेन्ट नेपाल रु दुई करोड ४७ लाख २७ हजार, सिटिजन लाइफ इन्स्योरेन्स रु दुई करोड ३० लाख चार हजार १८३, नबिल बैंक रु दुई करोड १७ लाख ३७ हजार ६५२ र घोराही सिमेन्ट रु एक करोड ९९ लाख एक हजार ४३४ मूल्यमा कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार माथिल्लो सोलु हाइड्रो आठ दशमलव ९९, सिवाइसी नेपाल लघुवित्त छ दशमलव ६०, घलैम्दी हाइड्रो पाँच दशमलव ७१, बिपिडब्ल्यू लघुवित्त पाँच दशमलव ६२ र सयपत्री हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलव ६७ प्रतिशतले कमाएका छन्।

यस्तै, सोनापुर मिनरल्स १०, नेशनल हाइड्रोपावर सात दशमलव ९२, एनआइबिएल प्रगति फन्ड पाँच दशमलव ५७, एनआइसी एशिया ग्रोथ फन्ड पाँच दशमलव ५३ र इनरवा हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ३३ प्रतिशतले गुमाएका छन्।

# लागूऔषध दुर्व्यसनी साथीको कुटाइबाट रूपेशको मृत्यु

प्रस, जनकपुरधाम, १२ कात्तिक/

जनकपुरधाम उपमहानगरपालिका–२४ स्थित सोनापाडा बस्ने २४ वर्षीय रूपेश महराको हत्या लागूऔषध सेवन गरी मोबाइलको विषयमा विवाद भएपछि भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ।

रूपेशको हत्या सोही ठाउँ बस्ने २० वर्षीय पवन सहनी र हरिचन मण्डलले गरेको जिप्रका, धनुषा प्रहरीले जनाएको छ। हत्याको आरोपमा प्रहरीले दुवैजनालाई पक्राउ गरेको छ।


तस्वीरः सौजन्य

गत बिहीवार जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ स्थित धानखेतमा रूपेशको शव भेटिएको प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए। तीनैजनाले लागूऔषध सेवन गरेपछि मोबाइलको विषयमा सामान्य विवाद भएको र सोही कारण पवन र हरिचनले रूपेशको टाउकोमा बाँसको फाटा प्रहार गरी हत्या गरी धानखेतमा शव फालेको प्रउ खड्काले बताए।

गत बुधवार टेम्पो चढेर जटही हुँदै भारतपारि बजारमा गएर लागूऔषध नाइट्रोभेट ट्याबलेट खरीद गरी मिरिन्डामा मिसाइ सेवन गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रउ खड्काले बताए। लागूऔषध सेवन गरी सोही रात साढे ९ बजे पुनः जनकपुरधाम–२३ स्थित बाटोमा मोबाइल सेटलाई लिएर विवाद हुँदा हरिचनले बाँसको गोलो फाटाले रूपेशको टाउकोलगायत पिठ्यूँमा प्रहार गरेको उनले बताए। पवनले पनि कुटपिटमा सघाएकाले दुवैजनामाथि कर्तव्य ज्यान मुद्दामा म्याद गरी थप अनुसन्धान भइरहेको प्रउ खड्काले बताएका छन्।

# पर्साबाट पेस्तोलसहित दुईजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १२ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले एक थान नलकटुवा पेस्तोलसहित दुईजना युवकलाई पक्राउ गरेको जनाएको छ।

वीरगंज महानगरपालिका–२६ सुगौली बस्ने सरफराज अन्सारी र साहिल अन्सारीलाई पेस्तोलसहित छपकैयाबाट पक्राउ गरिएको प्रहरी उपरीक्षक कोमल शाहले बताए।

पक्राउ परेका साहिलले दिएको बयानको आधारमा सरफराजलाई पक्राउ गरिएको उनले बताए। दुवैजनालाई जिल्ला प्रहरी कार्यालय, पर्साको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रउ शाहले बताएका छन्।

# सर्लाहीबाट २५० किलो गाँजासहित दुईजना पक्राउ

प्रस, वीरगंज, १२ कात्तिक/

सर्लाही जिल्लाको कविलासी नगरपालिका–९ भलुवाहाबाट शनिवार राति २५० किलो गाँजासहित दुईजनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सलेमपुरबाट भलुवाहा हुँदै गम्हरिया आउँदै गरेको ज.१त ५५५१ नम्बरको ट्याक्टर चेकजाँच गर्दा सो परिमाणको गाँजासहित कविलासी नपा–१० का २८ वर्षीय चालक भाग्यनारायण महतो र २४ वर्षीय रवीन्द्र रायलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी उपरीक्षक प्रवीण धितालले बताए।

आइतवार पत्रकार सम्मेलन गरी पक्राउ परेका व्यक्तिहरू सार्वजनिक गरिएको थियो।

# संयुक्त राष्ट्रसङ्घमा नेपाल

**विचार**



डा जयराज आचार्य

> **नेपालमा आर्थिक विकासको सम्भावना नदेखेर नै हाम्रा युवकहरू दिनहुँ विदेशिएका छन् र हुँदाहुँदा रूसी सेनामा भर्ना भएर युक्रेन युद्धको मोहोडामा गई मारिएको समाचार विदेशी अखबारमा समेत खबर छापिन थालेको छ ।**

प्रथम र द्वितीय विश्वयुद्धमा झन्डै १० करोड मानिस मारिएको र खर्बौं डलर बराबरको भौतिक क्षति भएको पृष्ठभूमिमा सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको हो। आफ्नो विधानको प्रस्तावना वाक्यबाट त्यस विश्व संस्थाका चार प्रमुख उद्देश्य स्पष्ट पारिएका छन् । ती हुन्– विश्वशान्ति, मानव अधिकारको संरक्षण, अन्तर्राष्ट्रिय कानूनको पालना र स्वतन्त्र वातावरणमा मानवजातिको आर्थिक–सामाजिक विकास।

नेपाल सन् १९४५ मा नै सनफ्रान्सिस्को सम्मेलनमा भाग लिएर संयुक्त राष्ट्रसङ्घको संस्थापक सदस्य बन्न सक्थ्यो । किनकि नेपाल प्रथम र द्वितीय विश्वयुद्धमा स्वतन्त्र राष्ट्रका रूपमा विजयी पक्षबाट लडेको थियो । तर तत्कालीन नेपालका शासकहरूले के सोचे वा सोच्दै सोचेनन् नेपालले सो सम्मेलनमा भाग लिएन र संयुक्त राष्ट्रसङ्घको संस्थापक सदस्य बन्ने अवसर गुमायो । पछि जब नेपालले सदस्यताको लागि प्रयास गर्न थाल्यो, त्यतिखेर शीतयुद्धको सुरुआत भइसकेको थियो र रूसले अनेकौं अर्थहीन प्रश्न गरेर त्यो प्रयासलाई रोकिरहेको थियो। आखिर एउटा प्याकेज डिल अन्तर्गत सन् १९५५ मा गएर मात्रै नेपालको सदस्यता स्वीकृत भयो ।

संयुक्त राष्ट्रसङ्घको सदस्य भएदेखि नै नेपालले आफ्नो स्वतन्त्र परराष्ट्र नीतिको पहिचान दिएको छ। सन् १९५६ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभामा भाग लिन पुगेका नेपालका प्रथम स्थायी प्रतिनिधि ऋषिकेश शाहले त्यसै बेला हङ्गेरीमा रूसले गरेको आक्रमणको विरुद्धमा मतदान गरे । साथै त्यसै बेला बेलायत र फ्रान्ससँग मिलेर इजरायलले इजिप्टको स्वेज नहरमा गरेको आक्रमणको पनि विरोध गऱ्यो । ती विषयमा अरूहरूले खासगरी हाम्रा उत्तर र दक्षिणका छिमेकीले कतातिर मतदान गरे भन्ने कुरामा आधारित भएर नेपालले आफ्नो मत निर्धारण गरेन। वास्तवमा त्यतिखेर हाम्रो मतदानले हाम्रा छिमेकी र पुराना मित्रहरूलाई समेत आश्चर्यजनक ढङ्गले प्रभावित गरेको थियो। सन् १९६० र १९७० को दशकमा नेपालले एक असंलग्न राष्ट्रको हैसियतमा उपनिवेशवाद र रङ्गभेदवादका विरुद्ध संयुक्त राष्ट्रसङ्घमा खेलेको भूमिका प्रशंसनीय र अनुकरणीय थियो । फलतः नेपाल सन् १९६९–७० र सन् १९८८–८९ मा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा निर्वाचित पनि भयो ।

संयुक्त राष्ट्रसङ्घमा नेपालको प्रभावकारिताको मूल्याङ्कन गर्दा त्यसलाई समग्रमा संयुक्त राष्ट्रसङ्घकै प्रभावकारितासँग जोडेर हेर्नुपर्छ । यदि संयुक्त राष्ट्रसङ्घले रूस–युक्रेन युद्ध वा अरब–इजरायली द्वन्द्वमा या अरू यस्तै द्वन्द्वमा प्रभावकारी भूमिका खेल्न सकेको छैन भन्ने आलोचना गर्ने हो भने त्यो अप्रभावकारिता नेपालजस्ता साना मुलुकको कारणले होइन कि संयुक्त राष्ट्रसङ्घका ठूला र शक्तिशाली सदस्यहरूका कारणले हो भन्नुपर्छ । वास्तवमा कतिपय कुरा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्का स्थायी सदस्यहरूको विशेष अधिकार (भिटो पावर)का कारण रोकिएको पनि हुन्छ। हाल रूस–युक्रेन युद्ध र अरब–इजरायल युद्धमा पनि भएको त्यही नै हो– शक्ति राष्ट्रहरूको विभाजित मानसिकता। तर यस्ता कठिन विषयमा पनि नेपालको नीति या मत स्पष्ट छ। हामी साना मुलुकमाथि ठूलो मुलुकले गरेको आक्रमणको सदा खुलेर विरोध गर्छौं र शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्छौं ।

नेपालको संयुक्त राष्ट्रसङ्घमा सदस्यताका मुख्य तीन उद्देश्य छन् । पहिलो, हामी संयुक्त राष्ट्रसङ्घमार्फत हाम्रो स्वतन्त्र अन्तर्राष्ट्रिय छवि प्रक्षेपण गर्न चाहन्छौं । दोस्रो, हाम्रो स्वतन्त्र अस्तित्वमा कतैबाट खतरा आएमा त्यसमा संयुक्त राष्ट्रसङ्घ सक्रियताका साथ अगाडि आओस् र त्यो खतरा टार्न सहयोगी होस् भन्ने आशा गर्छौं । अनि तेस्रो, हामी संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति प्रयासमा शान्ति सेना पठाएर आफ्नो औकात अनुसारको प्रभावकारिता देखाउन चाहन्छौं ।

संयुक्त राष्ट्रसङ्घको शान्ति सेना कार्यक्रम त्यसको एउटा मुख्य अङ्ग हो। त्यसमा संयुक्त राष्ट्रसङ्घको झन्डै दुई तिहाइ बजेट खर्च हुन्छ । नेपाल अहिले शान्ति सेना पठाउने देशहरूमा दोस्रो नम्बरमा छ। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसमेत अहिले संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा भाग लिइरहेका छन्। पहिले नेपाली सेना मात्र सहभागी हुने गरेको थियो भने सन् १९९२–९३ देखि नेपालको प्रहरी पनि त्यस मिशनमा सामेल हुँदै आएको छ ।

मेरो व्यक्तिगत अनुभवमा नेपालले संयुक्त राष्ट्रसङ्घमा राम्रो छवि बनाएको छ भन्ने नै छ। नेपालको भूमिका खासगरी शान्ति सेनामा दिएको योगदानको उच्च मूल्याङ्कन भएको छ । नेपाल सन् १९५८ देखि नै संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा भाग लिँदै आएको छ र सन् १९७८ देखि त निरन्तर नै सक्रिय छ । त्यसलाई हृदयङ्गम गरेर मैले सन् १९९१ मा नेपालको स्थायी प्रतिनिधि भएर जानासाथ नेपाली सेनाको मेजर जनरललाई संयुक्त राष्ट्रसङ्घको शान्ति सेनाको फोर्स कमान्डर पद दिनुपऱ्यो भन्दा संयुक्त राष्ट्रसङ्घबाट त्यो तत्काल स्वीकृत भएको थियो । त्यतिमात्रै होइन, युगोस्लाभियामा थप एक बटालियन र हैटी र सोमालियामा समेत हाम्रो सेनाको माग भयो र पठाइयो । तत्काल हाम्रो शान्ति सेनाको सङ्ख्या विगतको तुलनामा तीन गुना बढ्यो। मैले त्यतिखेरै संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा भाग लिने प्रमुख देशहरूको एउटा बैठकमा १० हजारसम्म सैनिक पठाएर नेपाल पहिलो नम्बरमा आउन चाहन्छ भनेको थिएँ । आज त्यस दिशामा पनि काम भइरहेकै छ जस्तो लाग्छ । जसको फलस्वरूप हामी अहिले दोस्रो नम्बरमा पुगेका छौं। संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा पहिलो नम्बरको देश हुने कुरामा नेपालको आर्थिक, राजनीतिक र कूटनीतिक महत्त्व निहित हुन्छ ।

आर्थिक दृष्टिले हाम्रा सैनिकले केही थप सुविधा पाउनेबाहेक यसको राजनीतिक र कूटनीतिक महत्त्व पनि छ । यसले गर्दा संयुक्त राष्ट्रसङ्घमा नेपालले आफ्नो भूमिका र छवि थप बढाउन सक्छ । नेपाल आजसम्म पनि संयुक्त राष्ट्रसङ्घको महासभाको सभामुख पदमा निर्वाचित भएको छैन। अनि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा पछिल्लोपटक निर्वाचित नभएको पनि ३३ वर्ष भइसक्यो । विगतमा हामी करीब २० वर्षको अन्तरालमा दुईपटक त्यसको सदस्य भएका थियौं । हामी संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा सैनिक पठाउने पहिलो नम्बरको देश बन्यौं भने त्यताबाट हामी संयुक्त राष्ट्रसङ्घका विभिन्न निकायमा निर्वाचित हुने आधार र सम्भावना बलियो हुन सक्छ । तर त्यतिले मात्रै पुग्दैन ।

संयुक्त राष्ट्रसङ्घको प्रस्तावना वाक्यमा भने अनुसार विश्व शान्ति नै यसको पहिलो उद्देश्य हो । तर दोस्रो, तेस्रो र चौथो वाक्यमा भनेका कुरामा पनि हामी उत्तिकै गम्भीर हुनु आवश्यक छ । दोस्रो वाक्यमा मानव अधिकारको सम्मानको कुरा छ र तेस्रोमा अन्तर्राष्ट्रिय कानूनको पालनाको कुरा छ । अहिले नेपालको मानव अधिकार आयोगको स्टाटस घट्न जाने हो कि भन्ने कुरा चर्चामा आएको छ। हामीले हाम्रो मानव अधिकारको सम्मान र संरक्षणको रेकर्ड पनि राम्रो राख्न सक्यौं भने मात्रै त्यसले हाम्रो अन्तर्राष्ट्रिय छविलाई उज्यालो पार्छ। अनि तेस्रो वाक्यमा अन्तर्राष्ट्रिय कानूनको पालनाको कुरा छ। त्यसमा त नेपालले कुनै कानूनको उल्लङ्घन गरेको जस्तो लाग्दैन । वास्तवमा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गर्नेमा पनि शक्तिशाली मुलुकहरू नै अगाडि छन्।

संयुक्त राष्ट्रसङ्घको प्रस्तावना वाक्यमा भनेको चौथो कुरा नेपालका लागि सबैभन्दा बढी महत्त्वपूर्ण छ । त्यो हो 'स्वतन्त्रताको वातावरणमा आर्थिक र सामाजिक विकास गर्ने।' त्यो भएन भने विश्व शान्ति त हुँदैन नै, नेपालको अन्तर्राष्ट्रिय सम्मान बढ्ने कुरा पनि आउँदैन । नेपालमा आर्थिक विकासको सम्भावना नदेखेर नै हाम्रा युवकहरू दिनहुँ विदेशिएका छन् र हुँदाहुँदा रूसी सेनामा भर्ना भएर युक्रेन युद्धको मोहोडामा गई मारिएको समाचार विदेशी अखबारमा समेत खबर छापिन थालेको छ। यस्तो अवस्थामा हामीले रूसले युक्रेनमा गरेको आक्रमणको विरुद्ध संयुक्त राष्ट्रसङ्घमा मतदान गरेको के अर्थ भयो र ? अझ विडम्बनाको कुरा त के छ भने केही नेपाली युवकहरू युक्रेनको पक्षबाट लड्न पनि गएको सुनिन्छ ।

यसरी नेपाली युवकहरू दुई युद्धरत पक्षबाट लड्दैछन् भने नेपाल कसको पक्षमा छ भन्ने ? यो एउटा पीडादायी र कठोर व्यावहारिक प्रश्न छ। त्यस कारण प्रशस्त प्राकृतिक स्रोत साधन भएको आफ्नै देशमा आर्थिक विकास गरेर नेपालले आफ्नो युवाशक्तिलाई देशभित्रै परिचालन गरी आर्थिक र सामाजिक विकास गरे मात्रै नेपालको संयुक्त राष्ट्रसङ्घमा इज्जत बढ्छ । हामीले सबैभन्दा बढी ध्यान दिनुपर्ने विषय पनि यही नै हो ।

(लेखक डा आचार्य संयुक्त राष्ट्रसङ्घका लागि पूर्वराजदूत हुन् । रासस)









पर्साको छिपहरमाई गाउँपालिका अन्तर्गतको छिपहरमाईस्थानको तुलसीबर्वा, बन्जारी–४ को प्राङ्गणमा दशैं मेला लागेको थियो। मेला लागेको पाँच दिन बितिसक्दा पनि सरसफाइ भएको छैन । मेला समिति नरहेको र सो वडाका अध्यक्ष रामेश्वर महतो केवटले पनि सरसफाइप्रति ध्यान दिएका छैनन् । तस्वीरः सुग्रीव साह

## फरक समाचार

### ऊनी कपडालाई धुने र सुकाउने उपाय

जाडोको मौसम शुरू हुने बित्तिकै ऊनी कपडा निकाल्न थाल्छौं । भनिन्छ, ऊनी कपडालाई चाँडै धोयौं भने यो बिग्रिन्छ र यसको गर्माहट निस्किन्छ। यस



कारण धेरैजसोले ऊनी कपडा हप्तौंसम्म धुँदैनन् र पटकपटक लगाउने गर्छन् । जाडोमा ऊनीको कपडा चाँडै फोहर हुँदैन र यसलाई चाँडै धुनुहुँदैन भन्ने सोच्नुहुन्छ भने गलत हो । ऊनी कपडालाई पनि गर्मीको कपडासरह नै सुकाउने र धुनुपर्छ। यद्यपि ऊनी कपडालाई धुन र सुकाउनमा ९० प्रतिशतले गलत गर्छन्, जसले गर्दा ऊनी कपडा खुकुलो हुन पुग्छ, रङ उड्छ र कपडा खुम्चिन पनि सक्छ। साधारणतया बच्चाको ऊनी कपडालाई सातामा दुई/तीन पटक धुन्छौं, जसले गर्दा ऊनी कपडाको साइज र सही रङ हराउँछ।

दिल्लीको ड्राई क्लिनिङ स्टार्टअप वाशक्राफ्टकी फाउन्डर शिल्पी गुप्ता भन्छिन्, ऊनी कपडालाई धुँदा ध्यान राख्नुपर्छ। तर गलती भनेको सुकाउने बेला हुने गर्छ । उनी कपडालाई घरमैं सुकाउनुपर्छ । ऊनी कपडालाई धुँदा सामान्य डिटर्जेन्टको सट्टा तरल डिटर्जेन्टको प्रयोग गर्नुपर्छ । वाशिङ मेशिनमा अथवा हातले धोएर धुनुपर्छ । ऊनी कपडालाई सामान्य कपडासँगै वाशिङ मेशीनमा राख्नुहुँदैन र मेशीनलाई स्ट्रङको सट्टा स्टचान्डर्ड मोडमा राख्नुपर्छ ।

शिल्पी भन्छिन्, ऊनी कपडालाई धोएर सुकाउने समयमा तीनवटा गलती नगरौं। कपडालाई निचोरेर सुकाउनुहुँदैन, यसबाट ऊनी कपडाको तलपट्टि पानी जम्मा हुन्छ र उनी कपडा लत्रिन्छ, तन्किन्छ र आकार ठूलो हुन्छ र लगाउँदा भद्दा देखिन्छ ।

ऊनी कपडालाई सीधैं घाममा सुकाउदा उल्टो पारेर सुकाउनुपर्छ। घाममा दुई घण्टाभन्दा बढी समयसम्म सुकाउनुहुँदैन। किनभने यसबाट रङ फिक्का हुन सक्छ र कपडा बिग्रिन्छ।

ऊनी कपडालाई निचोर्न कठिन हुन्छ । जाडोमा चाँडै कपडा नसुक्ने हुँदा वाशिङ मेशीनमा फूल ड्राई गर्छौं । यसबाट ऊनी कपडा खराब हुन्छ । ऊनी कपडालाई माइल्ड ड्राई गर्नुपर्छ। ड्रायर प्वाइन्ट तीनभन्दा बढी बढाउनुहुँदैन, नत्र कपडा खुम्चिन्छ, तन्किन पनि सक्छ र खराब हुन्छ।

### बच्चाले पढेको बिर्सिन्छ ?

बालबालिकाहरू पढेपछि पटकपटक बिर्सिनु सामान्य समस्या भएपनि यसले पछि ठूलो असर गर्न सक्छ। उनीहरूको दिमागले पढेका कुरा याद राख्न नसक्दा



परीक्षामा निकै समस्या हुन्छ । ससाना बच्चाहरूमा पढाइको निकै दबाब हुन्छ, जसले गर्दा उनीहरूको स्मरण पनि कमजोर हुन सक्छ। तसर्थ बालबालिकाहरूलाई यस्तो खानेकुरा खुवाउनुपर्छ, जसले उनीहरूको स्मरणशक्ति बढाउन सकोस् ।

**बोसोयुक्त माछाः** सैल्मन, मैकेरल र सार्डिनजस्ता ओमेगा ३ फैटी एसिडले भरिपूर्ण माछा बालबालिकालाई खुवाउँदा उनीहरूको मस्तिष्कको स्वास्थ्य र स्मरणशक्तिमा निकै फाइदा हुन्छ ।

**नट्स र सिड्सः** बदाम, ओखर, आलसस्थित ओमेगा ३ फैटी एसिडबाट एन्टिअक्सिडेन्ट र भिटामिन 'ए'जस्ता पोषक तत्त्व पाइन्छन्, जुन मस्तिष्कको स्वास्थ्यको लागि निकै फाइदा हो ।

**सागपातः** पालक, केरा र ब्रोकली जस्ता गहिरो रङ्गका सागपात र तरकारीमा एन्टिअक्सिडेन्ट, भिटामिन र मिनरल भरिपूर्ण हुन्छन्, जसबाट स्मरणशक्ति बढ्छ ।

**डार्क चकलेटः** डार्क चकलेट बच्चाहरूले निकै मन पराउँछन् । यसमा पनि एन्टिअक्सिडेन्ट, कैफिन र एनर्जी बुस्ट गर्ने तत्त्वहरू हुन्छन्, यसले बालबालिकामा एकाग्रता क्षमता बढाउँछ। यसको सेवन कम मात्रामा गराउनुपर्छ ।

**साबुत अन्नः** साबुन अन्न जस्तै ब्राउन राइस, गहुँको पाउरोडीले क्विनोआ ग्लुकोजको कमी पूरा गर्छ र शरीर ऊर्जावान बनाउँछ। यसबाट पनि एकाग्रता क्षमता राम्रो हुन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

### लसुनबाट निमोनियाको उपचार



- पिसेको लसुनमा समान मात्रामा कागतीको रस र मह मिलाउनुपर्छ।
- दिनमा तीन/चार पटक, दुई/तीन चम्चा यसको मिश्रण सेवन गर्नुपर्छ।
- छातीमा लसुनको रस वा पेस्ट मल्दा पनि आराम हुन्छ ।

# अन्तर्राष्ट्रिय समाचार

## बाइडेन–सी भेटघाटको बाटो 'सहज' छैन– यी

बेइजिङ, १२ कात्तिक/एएफपी

वाशिङ्टनको दुर्लभ भ्रमण पूरा गरेका चिनियाँ विदेशमन्त्री वाङ यीले चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी राष्ट्रपति जो बाइडेनबीचको भेटघाटको बाटो 'सहज' नरहेको भनेको सरकारी सञ्चारमाध्यमले बताएको छ।


यसै साता वाङले अमेरिकी राष्ट्रपति बाइडेन र अन्य वरिष्ठ अमेरिकी अधिकारीहरूसँग भेटघाट गरे। शुक्रवार दुवै पक्ष आगामी महीना नेताहरूबीच एउटा बैठक आयोजना गर्न सहमत भएका थिए।

दुवै शक्तिबीच तनावपूर्ण सम्बन्धको समयमा अमेरिकी राष्ट्रपति बाइडेनले एशिया–प्रशान्त आर्थिक सहयोग (एपिइसी) शिखर सम्मेलनमा भाग लिन आफ्ना चिनियाँ समकक्षी सीलाई सान फ्रान्सिस्कोमा आमन्त्रण गरेका छन्। अमेरिका जाने बारेमा राष्ट्रपति सीले अहिलेसम्म पुष्टि गरेका छैनन्।

सिन्ह्वाका अनुसार विदेशमन्त्री वाङले शनिवार वाशिङ्टनमा एस्पेन स्ट्राटिजी ग्रुपद्वारा आयोजित कार्यक्रममा भने, "दुवै पक्षले चाँडोभन्दा चाँडो द्विपक्षीय सम्बन्धलाई स्थिर र सुधार गर्ने आशा गरेका छन् र दुवै राष्ट्रप्रमुख सान फ्रान्सिस्को शिखर सम्मेलनमा सँगै मिलेर काम गर्न सहमत भएका छन्।"

सिन्ह्वाका अनुसार वाङले चेतावनी दिँदै भने, "सान फ्रान्सिस्कोको मार्ग सहज छैन र यसलाई 'अटोपाइलट'को भरमा छोड्न सकिँदैन।" सन् २०२२ नोभेम्बरमा बालीमा भएको भेटयता बाइडेन र सीबीच कुनै सम्पर्क भएको छैन।

दुवै मुलुक एशिया–प्रशान्त क्षेत्र र त्योभन्दा बाहिरको प्रभावका लागि प्रतिस्पर्धा गरिरहेका र बेइजिङले अमेरिकी प्रभुत्वलाई कम गर्न रूससँग सहयोग बढाइरहेकाले विश्वका दुई शीर्ष


चिनियाँ विदेशमन्त्री वाङ यी

अर्थतन्त्र मुलुकबीच वर्षौंदेखि सम्बन्ध तनावपूर्ण रहेको छ।

सिन्ह्वाका अनुसार वाङले शनिवार दुवै पक्षले हस्तक्षेप अन्त्य गर्न, अवरोधहरू हटाउन र आम सहमति बढाएर परिणाम हासिल गर्नुपर्ने बताका थिए। रासस

## बङ्गलादेशमा विपक्षी दलका नेता पक्राउ

ढाका, १२ कात्तिक/एएफपी

बङ्गलादेशका प्रमुख प्रतिपक्षी दलका नेता आइतवार बिहान पक्राउ परेको सो दलले बताएको छ। तीन महीनापछि हुन लागेको निर्वाचनअघि प्रधानमन्त्रीविरुद्ध आयोजित विशाल विरोध प्रदर्शनको एक दिनपछि उनलाई पक्राउ गरिएको हो।

बङ्गलादेश नेशनालिस्ट पार्टी (बिएनपी)ले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "मिर्जा फखरूल इस्लाम आलमगिरलाई प्रशासनका अधिकारीहरूले पक्राउ गरेका छन्।" अस्ट्रेलियामा रहेकी आलमगिरकी छोरी शमारूह मिर्जाले एएफपीलाई भनिन्, "उहाँलाई प्रहरीले हिरासतमा राखेको छ।"

ढाका मेट्रोपोलिटन प्रहरीका प्रवक्ता फारूक हुसेनले उनको गिरफ्तारीबारे आफूलाई जानकारी नभएको बताए।

बिएनपीका अध्यक्ष तथा दुईपटक प्रधानमन्त्री बनेकी खालिदा जियालाई पक्राउ गरेर जेल सजाय दिइएपछि र उनका छोरा बेलायतमा निर्वासनमा परेपछि बिएनपीका महासचिव ७५ वर्षीय आलमगिरले पार्टीको नेतृत्व गर्दै आएका छन्। सन् २०२० मा १७ वर्षको जेल सजायबाट रिहा भएपछि जिया नजरबन्दमा बस्दै आएकी छन्।

प्रदर्शनस्थलमा रहेका एएफपीका पत्रकारहरूका अनुसार बिएनपी र सबैभन्दा ठूलो इस्लामिक पार्टी जमात–ए–इस्लामीले शनिवार गरेको विरोध प्रदर्शन यस वर्षको अहिलेसम्मको सबैभन्दा ठूलो विरोध प्रदर्शन भएको बताएका छन्। साथै आगामी जनवरीमा हुने आमनिर्वाचनभन्दा अघि भएको उक्त विरोध प्रदर्शन नयाँ चरण भएको बताइएको छ।

बङ्गलादेशका दुई प्रमुख विपक्षी पार्टीका एक लाखभन्दा धेरै समर्थकले एउटा तटस्थ सरकार मातहत स्वतन्त्र र निष्पक्ष मतदानको अनुमति दिनका लागि प्रधानमन्त्री शेख हसिनालाई पदबाट राजीनामा दिन माग गर्दै विरोध प्रदर्शनमा भाग लिएका थिए।

बङ्गलादेशका संस्थापक नेताकी छोरी हसिना १५ वर्षदेखि सत्तामा छिन्। उनले कुल गार्हस्थ्य उत्पादनको मामिलामा बङ्गलादेशमा तीव्रताका साथ आर्थिक विकास गरेकी छन् तर मुद्रास्फीति बढेको छ। उनको सरकारमाथि भ्रष्टाचार र मानव अधिकार उल्लङ्घनको आरोप लागेको छ। हिंसाको विरोधमा बिएनपी र जमात–ए–इस्लामी दुवै पार्टीले आइतवार देशव्यापी हडतालको आहवान गरेका छन्। आइतवार राजधानी ढाकामा सुरक्षा व्यवस्था कडा पारिएको छ र हजारौं प्रहरी र अर्धसैनिक सीमा सुरक्षा फौजले बङ्गलादेशको सडकहरूमा गस्ती गरिरहेका छन्। रासस

## पहिलोपटक अन्तरिक्षमा मुसाको भ्रूणको विकास

टोक्यो, १२ कात्तिक/एएफपी

जापानी वैज्ञानिकहरूले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस)मा मुसाको भ्रूणको विकास गरेका छन्। वैज्ञानिकहरूका अनुसार पहिलो अध्ययनमा सामान्यरूपमा भ्रूणको विकास भएको छ र यसले मानिसका लागि अन्तरिक्षमा प्रजनन गराउन सम्भव हुन सक्ने सङ्केत दिएको छ।

यामानाशी विश्वविद्यालयको एडभान्स्ड बायोटेक्नोलोजी सेन्टरका प्राध्यापक तेरुहिको वाकायामा र जापान एयरोस्पेस एजेन्सी (जेएएक्सए)को एउटा टीमसहितको अन्वेषकहरूले सन् २०२१ अगस्तमा एउटा रकेटमा जमेको मुसाको भ्रूणलाई आइएसएसमा पठाएका थिए।

अन्तरिक्ष यात्रीहरूले सोही उद्देश्यले डिजाइन गरिएको विशेष उपकरणको प्रयोगले प्रारम्भिक चरणमा भ्रूणहरूलाई पगाले र तिनीहरूलाई चार दिनसम्म स्टेशनमा विकसित गरे।

"सूक्ष्म गुरुत्वाकर्षणको परिस्थितिमा विकसित भएका भ्रूण सामान्यतया ब्लास्टोसिस्टमा विकसित हुन्छन्, ब्लास्टोसिस्ट त्यस्तो कोशिका हो, जुन प्लेसेन्टामा विकसित हुन्छ," वैज्ञानिकहरूले भनेका छन्।

शनिवार वैज्ञानिक पत्रिका आई साइन्समा अनलाइन प्रकाशित एक अध्ययनमा अन्वेषकहरूले भनेका छन्, "प्रयोगबाट के स्पष्ट भएको छ भने भ्रूणको विकासमा गुरुत्वाकर्षणको कुनै उल्लेखनीय असर थिएन।"

उनीहरूले पृथ्वीमा प्रयोगशालामा फिर्ता पठाइएको ब्लास्टोसिस्टको विश्लेषण गरेपछि डिएनए र जीनको स्थितिमा कुनै उल्लेखनीय परिवर्तन नभएको पनि बताएका छन्।

"यो पहिलो अध्ययनले अन्तरिक्षमा स्तनधारी फस्टाउन सक्छन् भन्ने देखाएको छ," यामानाशी विश्वविद्यालय र राष्ट्रिय अनुसन्धान संस्थान रिकेनले संयुक्त विज्ञप्तिमा भनेका छन्, "आइएसएसको पूर्ण सूक्ष्म गुरुत्वाकर्षण अन्तर्गत प्रारम्भिक चरणमा स्तनधारी भ्रूणहरूको संवर्द्धन गरिएको विश्वमा यो पहिलो प्रयोग हो।"

"ब्लास्टोसिस्ट सामान्य हो भन्ने पुष्टि गर्नका लागि भविष्यमा आइएसएसको सूक्ष्म गुरुत्वाकर्षणमा विकसित ब्लास्टोसिस्टलाई मुसामा प्रत्यारोपित गर्न आवश्यक हुनेछ। यसबाट मुसाले बच्चा जन्माउन सक्छ वा सक्दैन भन्ने थाहा पाउन सकिनेछ," विज्ञप्तिमा भनिएको छ।

यस्तो अनुसन्धान भविष्यमा अन्तरिक्ष अन्वेषण र औपनिवेशिक अभियानका लागि महत्त्वपूर्ण हुन सक्छ। रासस


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



सर्लाही जाने बाटोमा लागेको कुहिरो। घना कुहिरोको कारण दुर्घटना निम्तिने गर्छ, तसर्थ यस्तो बेलामा सवारीसाधन निकै सतर्कतापूर्वक चलाउनुपर्छ। तस्वीरः नितेश कर्ण

## चोरीका गरगहनासहित दुईजना पक्राउ

प्रस, वीरगंज, १२ कात्तिक/

दशैंको बेला घरमा ताला लागेको रकोही नभएको घरबाट १० लाख बराबरको गरगहना चोरी गरेको आरोपमा पर्सा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–१६ नगवा निवासी शेख मखु र पवन यादव रहेका प्रहरीले जनाएको छ।

सर्लाही निवासी हाल बिर्तामा बस्दै आएका खिलबहादुर मैनालीको घर फोडी सुनका दुई थान औंठी, मङ्गलसूत्र, चाँदीलगायत १० लाख रुपियाँको गरगहना चोरी भएको सूचना पाएपश्चात् प्रहरी खोजीमा जुटेको थियो।

वडा प्रहरी कार्यालय, बिर्ताको टोलीले प्रहरी नियन्त्रणमा रहेका मखुको घर खानतलाशी गर्दा उनको घरबाट चोरीका सबै सामान फेला परेपश्चात् दुवैजनालाई हिरासतमा राखी अनुसन्धान शुरू गरिएको प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी गराएका छन्।

## गाँजा, मोटरसाइकलसहित एकजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, १२ कात्तिक/

पर्साको पटेर्वासुगौली गापा वडा नं ५ निचुटा नौगछियाबाट इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरी तथा अस्थायी प्रहरी पोस्ट, सुपौलीबाट खटिएको संयुक्त प्रहरी गस्ती टोलीले BR22AE 6740 नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकललाई रोकी चेकजाँच गर्दा १० किलो गाँजा बरामद गरेको छ।

जिल्ला पर्सा जगरनाथपुर गापा–५ सुहपुर बस्ने वर्ष ४५ का हीरामन यादवले मोटरसाइकल पछाडि बोरामा लागूऔषध गाँजा १० किलो राखेको अवस्थामा फेला परेको हो।

लागूऔषधसहित यादवलाई नियन्त्रणमा लिई इप्रका, पटेर्वासुगौलीमा राखिएको र निजलाई लागूऔषधसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले बताएको छ।

## आज विश्व पक्षाघात दिवस

काठमाडौं, १२ कात्तिक/रासस

'हामी सबै मिलेर काम गर्‍यौं भने पक्षाघातमाथि विजय गर्न सकिन्छ' भन्ने नाराका साथ आज विश्व पक्षाघात दिवस नेपालमा पनि विविध कार्यक्रम आयोजना गरी मनाइयो।

प्रत्येक वर्ष अक्टोबर २९ अर्थात् आजका दिन पक्षाघात दिवस मनाइने गरिन्छ। एक जटिल शारीरिक अवस्थाको रूपमा रहेको पक्षाघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार नभएमा हुने गर्छ।

मस्तिष्कमा अक्सिजन तथा पोषक तत्त्वको कमी भएमा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ। यसलाई नै पक्षाघात भनिन्छ।


समयमैं यसको उपचार नगरे मस्तिष्क सधैंका लागि खराब हुनाका साथै व्यक्तिको मृत्युसमेत हुन सक्छ। सन्तुलन गुम्नु, अनुहार बाङ्गो हुनु, आँखाको ज्योति गुम्नु पक्षाघातका लक्षण हुन्। नेपाल पक्षाघात सङ्घका अध्यक्ष डा राजु पौडेल विश्वभर बर्सेनि एक करोड ३० लाखभन्दा बढी व्यक्तिमा पक्षाघात हुने गरेको बताउँछन्। हरेक छ सेकेन्डमा एकजना र चारजनामा एकजनालाई पक्षाघात हुने गरेको छ।

पक्षाघातको उपचारका लागि नेपाल पक्षाघात सङ्घले विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा तालीम प्रदान गर्नाका साथै उपचारका लागि अन्तर्राष्ट्रिय मापदण्ड तय गर्दै आएको डा पौडेल बताउँछन्।

उक्त सङ्घले जर्मनीको युनिभर्सिटी हस्पिटल हाइडलबर्गको सहयोगमा नेपाल पक्षाघात परियोजनासँग सहकार्य गरी काम गर्दै आएको छ। सन् २०१७ मा स्थापना भएको सङ्घले नेपालको पक्षाघातको वर्तमान अवस्था र त्यसको उपचारका लागि गरिने उपायको खोजी गर्दै आएको छ।

यस्तै, जिआइजेड, विश्व स्वास्थ्य सङ्गठनलगायत संस्थासँगको सहकार्यमा नेपालको पक्षाघातसम्बन्धी गाइडलाइन तय गर्ने काम गर्दै आएको उक्त सङ्घले पक्षाघातसम्बन्धी निर्देशिका चाँडो निर्माण गरी सरकारलाई हस्तान्तरण गर्ने तयारी गरेको छ। देशभरका १५ अस्पतालको पक्षाघातको अवस्थाबारे सूचीकरण गर्ने, बिरामीको अवस्थाबारे जानकारी राख्नेलगायतका काम पनि सङ्घले गर्दै आएको छ।

वरिष्ठ न्यूरोलोजिस्टसमेत रहेका डा




पौडेल पक्षाघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको भन्दै यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनुपर्ने बताउँछन्।

"विश्वमा हरेक चारजनामा एकजनालाई र छ सेकेन्डमा एकजनालाई पक्षाघातको सम्भावना रहेको हुन्छ, यसबाट सजग हुनुपर्छ," उनी भन्छन्। नेपालजस्तो अल्पविकसित र विकासोन्मुख देशमा पक्षाघातको दर बढी भएकाले सरकारले समयमैं ध्यान दिनु जरुरी रहेकामा डा पौडेल जोड दिन्छन्। नेपालमा अहिले पक्षाघात भएकामध्ये १० प्रतिशतको मृत्यु हुने गरेको तथ्याङ्क छ।

डा पौडेलका अनुसार उच्च रक्तचाप, मधुमेह, मोटोपन, धूमपान, निष्क्रिय जीवन पद्धति, असन्तुलित आहार र मुटुको चाल गढबढ हुँदा पक्षाघातको सम्भावना हुने भएकाले त्यसप्रति सतर्क रहनुपर्छ। सन्तुलन गुम्नु, अनुहार बाङ्गो हुनु, आँखाको ज्योति अचानक गुम्नु, बोली लरबराउनु, हातखुट्टा लुलो हुनु पक्षाघातका लक्षण भएको र यस्ता लक्षण देखिए साढे चार घण्टाभित्रै अस्पताल पुग्न सके मात्र उपचार सम्भव रहेको डा पौडेल बताउँछन्।

पक्षाघात हुँदा शरीरमा रगत जम्ने भएकाले रगत पातलो बनाउने औषधि प्रयोग गरेर बिरामीको उपचार गर्नुपर्ने र यसका अलावा बिरामीलाई फिजियोथेरापी गर्नुपर्ने हुन्छ। नेपालमा भौगोलिक विकटता, सीमित स्रोत साधन र दक्ष जनशक्तिको अभावका कारण पक्षाघातको उपचार चुनौतीपूर्ण हुँदै गएको छ। समयमैं रोग पहिचान गरेर उपचार गर्न सके उपचार सम्भव रहेको डा पौडेल बताउँछन्।


**भूमिसुधार तथा मालपोत कार्यालय, बारा, कलैयाको ३० दिने सार्वजनिक सूचना**

यसमा वादी जिल्ला बारा गाविस डुमरवाना वडा नं ६ हाल जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १५ मा ससुराली घर भई हाल ऐ. गाविस फत्तेपुर वडा नं ६ हाल जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १२ माइतीघरमा बस्दै आएकी सगुनी थारू भन्ने सगुनी खाँ थारूकी छोरी सन्तकुमार थारूकी पत्नी मेरखुनिया देवी थरुनी प्रतिवादी जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं ५ मा बस्ने रामदेव राउत बरैको छोरा लालबाबूप्रसाद बरै भएको जग्गा बाँडफाँड मुद्दामा प्रतिवादीको नाउँको म्याद पठाउँदा म्याद तामेल हुन नसकेकोले म्याद फिर्ता भएकोले यो ३० दिने सूचना प्रकाशित गरिएको छ। तपसिलका जग्गा बाँडफाँड गर्न नमिल्ने भए आफूसँग भएको प्रमाण लिई ३० दिनभित्रमा हाजिर हुन आउनुहोला। म्यादभित्रमा हाजिर नभएमा कानून बमोजिम बाँडफाँड भइजानेछ। पछि उजूरबाजुर लाग्नेछैन।

तपसिल

| ज.ध. | जिल्ला | गाविस | वडा नं | किनं | जवि | बाँडफाँड |
|---|---|---|---|---|---|---|
| लालबाबूप्रसाद बरै | बारा | फत्तेपुर | ६ | १५२ | १–१–० | पश्चिमतर्फबाट आधी मोहीलाई पूर्वतर्फबाट आधी जग्गाधनीलाई हुने |
| लालबाबूप्रसाद बरै | बारा | फत्तेपुर | ६ | २९१ | ०–१३–५ | उत्तरतर्फबाट आधी मोहीलाई र दक्षिणतर्फबाट आधी जग्गाधनीलाई हुने |



वीरगंज महानगरको मुर्ली पोखरानजीकै लागेको मेलामा ठेलामा बेच्न राखिएका बरफ, बदाम, मकै, चटपटे । तस्वीर: राधेश्याम पटेल

# ईसेवाको कर्मचारी भन्दै ठगी गर्ने पाँचजना पक्राउ

काठमाडौं, १२ कात्तिक/रासस

ईसेवाको आधिकारिक कर्मचारी हुँ भन्दै ठगी गर्ने गिरोहका पाँचजनालाई प्रहरीले पक्राउ गरी आइतवार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला रौतहट, गौर नगरपालिका–५ बस्ने २६ वर्षीय नवनीतकुमार कुशवाहा, रौतहट गौर नगरपालिका–५ बस्ने २१ वर्षीय कन्हैयाकुमार कुशवाहा, रौतहट गढीमाई नगरपालिका–६ बस्ने १९ वर्षीय दीपेन्द्रकुमार यादव, गौर नगरपालिका–५ बस्ने २० वर्षीय अभयकुमार यादव र गौर नगरपालिका–५ बस्ने २१ वर्षीय रितेश कुशवाहा रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेकाहरूले पीडितहरूलाई विभिन्न मोबाइल नम्बरबाट फोन सम्पर्क गरी आफू ईसेवाको आधिकारिक कर्मचारी हुँ भन्दै ईसेवाको आइडी, बैंक खातासँग लिङ्कअप गराइ खाता नवीकरण, केवाइसी फाराम अपडेट, सिस्टम भेरिफाई आदि गराइ ठग्ने गरेको पाइएको छ ।

उनीहरूले सर्वसाधारणको खातामा भएको रकम विभिन्न बैंक खाता तथा वालेटहरूमा ट्रान्सफरलगायत भुक्तानीसमेत गरी १८ जनाबाट रु १५ लाखभन्दा बढी रकम ठगी गरेको खुल्न आएको प्रवक्ता रेग्मीले बताए । यस ठगीमा संलग्न उनीहरूलाई रौतहट जिल्लाका विभिन्न स्थानबाट जिल्ला प्रहरी कार्यालय, रौतहटको समन्वयमा पक्राउ गरी ठगीसम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि आज काठमाडौं जिल्ला प्रहरी परिसर, टेकु पठाइएको उनले बताए ।


## हेलो सरकार: नागरिक सरोकार

### हेलो सरकार किन ?

- नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन,
- सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,
- त्यसैले हेलो सरकारमा गुनासो गरौं । सार्वजनिक निकायमा भएका कमीकमजोरी, सेवाप्राप्तिमा वञ्चिति, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं ।
- कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको निश्शुल्क टेलिफोन नम्बर १११९ मा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## डेङ्गुविरुद्ध सचेतना कार्यक्रम

प्रस, वीरगंज, १२ कात्तिक/

ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले वीरगंज महानगरपालिका–१० आदर्शनगर चोकमा डेङ्गु रोगबारे सचेतना कार्यक्रम गरेको छ ।

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा २२० जनालाई डेङ्गु रोगबारे पर्चा वितरण गरिएको थियो ।

कार्यक्रममा प्रहरी सहायक निरीक्षक रामसोगराथप्रसाद यादव, प्रहरी वरिष्ठ हवलदार देवदत्त कुशवाहा, प्रहरी हवलदार प्रेम रामलगायतले पर्चा वितरण गरेका थिए ।

## हर्न निषेधित अभियान

प्रस, जनकपुरधाम, १२ कात्तिक/

मधेस प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरमा ध्वनि प्रदूषण बढेपछि ट्राफिक प्रहरीले ठूला सवारीसाधनहरूबाट प्रेसर हर्न निकाल्ने अभियान शुरू गरेको छ ।

यो अभियान तीन दिनसम्म मधेस प्रदेशका आठवटै जिल्लाका सदरमुकाममा चलाइएको ट्राफिक प्रहरी कार्यालय, धनुषाले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा मातहतका ट्राफिक प्रहरी कार्यालयहरूले विभिन्न स्थानमा ठूला सवारीसाधनहरूको प्रेसर हर्न चेकजाँच गरी कारबाई गर्दै प्रेसर हर्न निकाली सवारी चालकहरूलाई प्रेसर हर्न प्रयोग नगर्नका लागि सचेतना गराएका थिए ।

सोही अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाले समेत तीन दिने अभियानको सुरुआत गर्दै ठूला सवारीसाधनबाट प्रेसर हर्न निकाल्ने अभियान थालेको जनाएको छ ।

# खेलकूदको संसार

## परसवा गोल्डकप: उमङ्ग र न्यू एभरेस्ट विजयी

प्रस, सेढवा, १२ कात्तिक/

जीराभवानी गाउँपालिकामा सञ्चालित सातौं परसवा गोल्डकप–२०८० अन्तर्गत आइतवार भएको पहिलो खेलमा उमङ्ग

तस्वीर: प्रतीक



युवा क्लब पकडीटोल विजयी भएको छ । पकडीटोलले सिद्धपुरलाई शून्यका विरुद्ध पाँच गोलअन्तरले पराजित गरेको हो । पकडीटोलका अभिषेक महतोले तीन र साजन गौतमले दुई गोल गरेका थिए । सो खेलमा अभिषेक महतो 'म्यान अफ दी म्याच' घोषित भए । महतोलाई आजका प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका नेता विजय महतोले नगद दुई हजार र ट्रफी प्रदान गरेका थिए ।

त्यस्तै, दोस्रो खेलमा आयोजक न्यू एभरेस्ट क्लब परसवा विजयी भएको छ । परसवाले बारा–११ लाई शून्यका विरुद्ध चार गोलअन्तरले पराजित गरेको छ । परसवाका लागि विमल घिसिङ, अभि लामा, समीर राई र अनिल पाचेमगरले एक/एक गोल गरेका थिए । खेलमा न्यू एभरेस्ट क्लब, परसवाका जर्सी नं १२ का विमल घिसिङ 'म्यान अफ दी म्याच' घोषित भए ।

भोलिको पहिलो खेल ठोरी र भारतको इनर्वा र दोस्रो खेल बुद्धनगर र पटेर्वासुगौली देकुलीबीच हुने आयोजक संस्थाका उपाध्यक्ष नवल किशोर चौधरीले बताए ।

## पर्सागढी नपाको खेलमैदान संरक्षण गरिंदै

नरेश यादव, पर्सागढी, १२ कात्तिक/

पर्सागढी नगरपालिकाले वडा नं २ गोडपसरास्थित खेलमैदानको मरम्मतसम्भार शुरू गरेको छ ।



तस्वीर: प्रतीक

खेलमैदान बिग्रिएपछि युवाहरू खेल खेल्न वञ्चित थिए । खेलमैदान खाल्डो भएको, फोहर थुप्रिएको तथा दुई बिघा क्षेत्रफलमा रहेको खेलमैदानमा स्थानीयले चारैतिरबाट माटो खनेर निकाल्दा १० कट्ठामा सीमित भएपछि नगरप्रमुख गोकर्ण पाठकले मरम्मत कार्य शुरू गराएका हुन् ।

नगरप्रमुख पाठकले खेलबाट मानिस स्वस्थ हुने र युवाहरू अनुशासित हुने बताउँदै खेलमैदानको संरक्षण हुनुपर्नेमा जोड दिए । उनले नगरपालिकाभित्र रहेका अन्य खेलमैदानको पनि मरम्मत गरी युवाहरूलाई खेलप्रति आकर्षित गराउने बताए ।

# साना किसान कृषि सहकारीको साधारणसभा

प्रस, सिम्रौनगढ, १२ कात्तिक/



'सहकारी दिगोपन, स्वनियमन र सुशासन' नाराका साथ आइतवार बाराको सिम्रौनगढ कङ्काली खेलमैदानमा साना किसान कृषि सहकारी संस्थाको अधिवेशन तथा चौथो वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन सिम्रौनगढ नगरपालिकाकी उपप्रमुख नजमु शेहरले गरेकी थिइन् ।

साना किसान कृषि सहकारीकी अध्यक्ष ललिताकुमारी तत्वाको अध्यक्षतामा भएको कार्यक्रममा साना किसान सहकारी जिल्ला सङ्घ हेटौंडाकी कृष्णाकुमारी शर्मा, कलैया बाराका मिश्रीलाल सहनी, इनर्वासिराका झकेन्द्र ढकाल, जिल्ला सङ्घकी उपाध्यक्ष नैनकला खड्का, साना किसान कचोर्वाका रामबाबू यादव, सिम्रौनगढ नगरपालिका–१ का अध्यक्ष दिनदयाल मुखिया, ४ का अध्यक्ष अवधेश सहनी, ९ का अध्यक्ष रामएकबालप्रसाद यादव, कृषि विकास संरक्षण समाज कचोर्वाका अध्यक्ष रामबाबूप्रसाद यादव, नमस्ते नेपाल सहकारीका सुरेश यादव, दिनेश कुशवाहालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा ज्येष्ठ महिला सदस्य, अपाङ्ग महिला सदस्य र एसइईमा उत्कृष्ट नम्बर ल्याएका विद्यार्थीलाई सम्मान र पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा किसान कृषि सहकारी सिम्रौनगढका प्रबन्धक दिलीपकुमार कर्णले प्रगति प्रतिवेदन पेश गरेका थिए भने संस्थाकी अध्यक्ष ललितादास तत्माले अध्यक्ष प्रतिवेदन र नीतु सिन्हाले लेखा प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा स्वागत सहायक प्रबन्धक पासपती कुमारी र सञ्चालन दिलीप कर्णले गरेका थिए ।



धनुषा चीसापानीस्थित कमला नदीमा माछा मार्न अघि बढ्दै स्थानीय । माछा मार्न नदीमा विष हाल्ने, करेन्ट लगाउने जस्ता अप्राकृतिक कार्यले नदीमा माछाको सङ्ख्यामा निकै कमी आएको इन्द्र श्रेष्ठले बताए । यस्ता अप्राकृतिक कार्य बेलैमा रोक्न सम्बन्धित निकायले सोच्नुपर्ने बेला आएको छ । यो नदीमा पाइने माछा स्वादिलो र पौष्टिक हुने गरेको छ । शब्दचित्र: जीतलाल श्रेष्ठ